## नेपाल प्रज्ञा-प्रतिष्ठान

# कलाकार तथा कर्मचारी सेवासम्बन्धी नियमावली २०६७

नेपाल प्रज्ञा-प्रतिष्ठान ऐन, २०६४ को दफा ९(छ) तथा दफा ३५ ले दिएको अधिकार प्रयोग गरी प्रज्ञा प्रतिष्ठानले देहायका नियमहरू बनाएको छ ।

### *परिच्छेद -१*

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ**

(१) यी नियमहरूको नाम नेपाल प्रज्ञा-प्रतिष्ठान, कलाकार तथा कर्मचारी सेवासम्बन्धी नियमावली २०६७ रहेको छ ।

२. **परिभाषा**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा :

(क) **ऐन** भन्नाले नेपाल प्रज्ञा-प्रतिष्ठान ऐन, २०६४ सम्भन्नुपर्छ ।

(ख) **प्रज्ञा-प्रतिष्ठान** भन्नाले नेपाल प्रज्ञा-प्रतिष्ठानलाई जनाउँछ ।

(ग) **सभा** भन्नाले ऐनको दफा ७ बमोजिम प्राज्ञसभा सम्भन्नुपर्छ ।

(घ) **प्राज्ञ-परिषद्** भन्नाले ऐनको दफा ११ बमोजिमको प्राज्ञपरिषद् सम्भन्नुपर्छ ।

(ङ) **आयोग** भन्नाले ऐनको दफा २५ बमोजिमको सेवा आयोगलाई सम्भन्नुपर्छ ।

(च) **कुलपति** भन्नाले प्रज्ञा-प्रतिष्ठानको कुलपतिलाई सम्भन्नुपर्छ ।

(छ) **उपकुलपति** भन्नाले प्रज्ञा-प्रतिष्ठानको उपकुलपति सम्भन्नुपर्छ ।

(ज) **सचिव** भन्नाले प्रज्ञा-प्रतिष्ठानको सचिव सम्भन्नुपर्छ ।

(झ) **पद** भन्नाले नेपाल प्रज्ञाप्रतिष्ठानको सेवामा सिर्जना भएको वा हुने पद सम्भन्नुपर्छ ।

(ञ) **कलाकार** भन्नाले प्रज्ञा-प्रतिष्ठानको स्थायी वा अस्थायी सेवामा रही काम गर्ने सङ्गीत, नृत्य र नाटकका कलाकार तथा निर्देशक समेत सम्भन्नुपर्छ ।

(ट) **कर्मचारी** भन्नाले प्रज्ञा-प्रतिष्ठानको स्थायी वा अस्थायी सेवामा रही काम गर्ने कर्मचारी सम्भन्नुपर्छ ।

(ठ) **स्थायी सेवा** भन्नाले प्रज्ञा-प्रतिष्ठानको स्थायी सेवा सम्भन्नुपर्छ ।

(ड) **अस्थायी सेवा** भन्नाले प्रज्ञा-प्रतिष्ठनको कुनै योजना अवधिसम्मका लागि कुनै अस्थायी एवं म्यादी पदमा गरेको सेवा र स्थायी दरबन्दीको रिक्त पदमा अस्थायी रूपमा काम गरेको सेवा सम्भुपर्छ ।

(ढ) प्रशासन प्रमुख भन्नाले नेपाल प्रज्ञा-प्रतिष्ठानका प्रशासनिक एवम् व्यवस्थापकीय कामकार्बाई हेर्ने कर्मचारीहरुको प्रमुख सम्भन्नु पर्दछ ।*

(ण) **कार्यक्रम** भन्नाले नेपाल प्रज्ञा-प्रतिष्ठानबाट सञ्चालन हुने प्राज्ञिक कार्यक्रम सम्भन्नुपर्छ ।*

(त) **परिवार** भन्नाले प्रज्ञा-प्रतिष्ठानको कलाकार वा कर्मचारीसँग बस्ने वा निजले आफैंले पालन-पोषण गर्नुपर्ने पति, पत्नी, छोरा, अविवाहिता छोरी, धर्मपुत्र, अविवाहिता धर्मपुत्री, बाबु आमा वा सौतेनी आमा सम्भन्नुपर्छ र सो शब्दले पुरुष र अविवाहिता महिला कर्मचारीको हकमा निजका बाजे-बज्यै तथा विवाहिता महिला कर्मचारीको हकमा निजको सासू-ससुरालाई समेत जनाउँछ ।

(थ) **तलब** भन्नाले प्रज्ञा-प्रतिष्ठानका कलाकार तथा कर्मचारीले सेवा प्रदान गरेबापत पदाधिकार रहेको पदको प्रचलित स्केलबमोजिम पाउने तलबलाई सम्भन्नुपर्छ ।

(द) **भत्ता** भन्नाले प्रज्ञा-प्रतिष्ठानको कलाकार तथा कर्मचारीले नियमानुसार पाउने भत्ता सम्भन्नुपर्छ ।

(ध) **तोकिएको** वा **तोकिएबमोजिम** भन्नाले ऐन, यो नियमावली र यस नियम-अन्तर्गतका कार्यप्रणाली बमोजिम तोकिएको वा तोकिएबमोजिम भन्ने सम्भन्नुपर्छ ।

३. **नियमावलीको व्याख्या**

(१) कुनै अधिकारीले यस नियमावलीको प्रयोग गर्दा गरेको व्याख्याबाट कुनै कलाकार वा कर्मचारीलाई मर्का परेमा निजले कुलपतिमार्फत प्राज्ञ-परिषद्समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम पर्न आएको निवेदनको सम्बन्धमा प्राज्ञ-परिषद्ले गरेको व्याख्या त्यस्तो अधिकारीको लागि मार्गदर्शन हुनेछ ।

(३) प्राज्ञ-परिषद्ले यस नियमावलीको व्याख्या गर्दा कानून व्याख्यासम्बन्धी ऐन, २०१० अनुरूप गर्नेछ ।

---

* **३१ औं प्राज्ञ सभाबाट संशोधित**

*परिच्छेद २*

## पदको वर्गीकरण

**४. दरबन्दी सम्बन्धी व्यवस्था**

प्रज्ञा-प्रतिष्ठानमा कलाकार तथा कर्मचारीहरूको दरबन्दी प्राज्ञ-परिषद्ले तोकेबमोजिम हुनेछ ।

**५. पद तथा श्रेणी**

(१) प्रज्ञा-प्रतिष्ठानमा देहायका पद तथा श्रेणीहरू रहेनछन्-

(क) **कर्मचारीतर्फ**

| *अधिकृत स्तरतर्फ* | *सहायक स्तरतर्फ* |
|---|---|
| प्रथम श्रेणी | प्रथम श्रेणी |
| द्वितीय श्रेणी | द्वितीय श्रेणी |
| तृतीय श्रेणी | तृतीय श्रेणी |
| | चतुर्थ श्रेणी |

(ख) **कलाकारतर्फ**

| *अधिकृत स्तरतर्फ* | *सहायक स्तरतर्फ* |
|---|---|
| प्रथम श्रेणी | प्रथम श्रेणी |
| द्वितीय श्रेणी | द्वितीय श्रेणी |
| तृतीय श्रेणी | |

(२) **३१ औँ प्राज्ञ सभाको निर्णय अनुसार खारेज**

(३) उपनियम (१) मा लेखिएदेखि बाहेक प्राज्ञ परिषद्ले तोकेबमोजिमका सवारी चालक तथा कार्यालय सहयोगी स्तरका श्रेणीविहीन पदहरू पनि रहन सक्ने छन् ।*

(४) नियम ५(३) बमोजिम प्राज्ञ परिषद्ले दरबन्दी सृजना गरी तोकेका पदहरु बाहेक यो संशोधित लागू भएपछि श्रेणीविहीनका नयाँ पदहरु सिर्जना नगरी त्यस्ता पदहरुबाट सम्पादन गरिने कार्य न्यूनतम पारिश्रमिक तोकी व्यक्ति वा संस्थासँग करार गरी सम्पादन गराउनु पर्ने छ ।#

**६. महाशाखा र शाखाको व्यवस्था**

प्रज्ञा प्रतिष्ठानको समग्र कर्मचारी प्रशासनलाई व्यवस्थित गर्न प्रशासन महाशाखा, योजना तथा कार्यक्रम महाशाखा र आर्थिक प्रशासन महाशाखा अन्तर्गत आवश्यकता अनुसार तोकिए बमोजिम शाखाहरु रहने छन् । यी महाशाखामा कार्यरत रा.प. प्रथम श्रेणी सरहका अधिकृतलाई प्राज्ञ परिषद्ले प्रमुखको जिम्मेवारी दिने छ । यी तिनै महाशाखालाई समन्वय गर्न महाशाखा प्रमुखहरुमध्येबाट पदगत ज्येष्ठताको आधारमा प्रशासन प्रमुखको जिम्मेवारी दिइने छ र निजले प्रशासन महाशाखा समेत हेरी सचिवको मातहतमा रही अन्य महाशाखाको संयोजन गर्ने छन् । महाशाखा प्रमुखहरुको काम कर्तव्य र अधिकार प्राज्ञ परिषद्ले तोकेबमोजिम हुने छ ।*

*परिच्छेद ३*

## पदपूर्ति

**७. पदपूर्ति गर्ने तरिका**

(१) प्रज्ञा-प्रतिष्ठानको सेवामा रिक्त हुन आएका कलाकार वा कर्मचारीका पदहरूमध्ये प्रथम र द्वितीय श्रेणी सरहको अधिकृत पदको पदपूर्ति ८० प्रतिशत बढुवाबाट, १० प्रतिशत आन्तरिक प्रतियोगिताबाट र १० प्रतिशत खुलाबाट गरिने छ । राजपत्राङ्कित तृतीय श्रेणी सरहको अधिकृत पदको रिक्त पदहरूमध्ये ६० प्रतिशत खुला प्रतियोगिताद्वारा, २० प्रतिशत आन्तरिक प्रतियोगिताद्वारा र २० प्रतिशत बढुवाद्वारा पदपूर्ति गरिने छ । सहायक स्तरका रा.प. अनङ्कित प्रथम श्रेणी ना.सु. वा सो सरहका पदमा ६० प्रतिशत खुला प्रतियोगिताद्वारा र ४० प्रतिशत बढुवाद्वारा पूर्ति गरिने छ । सहायक स्तरको राजपत्र अनङ्कित द्वितीय श्रेणी सरह खरिदार वा सो सरहको पदपूर्ति भने ५० प्रतिशत खुला प्रतियोगिताद्वारा, २५ प्रतिशत बढुवाद्वारा र २५ प्रतिशत सो पदका लागि न्यूनतम शैक्षिक योग्यता भएका र तिन वर्ष सेवा अवधि पूरा गरेका राजपत्र अनङ्कित तृतीय श्रेणी सरहका कर्मचारी मध्येबाट आन्तरिक प्रतियोगिताद्वारा गरिने छ । राजपत्र अनङ्कित सहायक स्तर तृतीय श्रेणी सरहको पदपूर्ति तिन वर्ष सेवा अवधि पूरा गरेका राजपत्र अनङ्कित चतुर्थ श्रेणी सरहका कर्मचारीवाट

---

* ३१ औँ प्राज्ञ सभाबाट संशोधित

# २८ औँ प्राज्ञसभाबाट संशोधित

बढुवाद्वारा गरिने छ । यसरी बढुवा गरिएपछि राजपत्र अनङ्कित तृतीय श्रेणी सरहको पद सिर्जना भई राजपत्र अनङ्कित चतुर्थ श्रेणी सरहको पद स्वतः समाप्त हुने छ । यस किसिमले बढुवा हुने कर्मचारीहरुमा बढुवाका लागि तोकेको शैक्षिक योग्यता आवश्यक हुने छैन । रा.प. अनङ्कित तृतीय श्रेणी सहायक स्तरको पद समेत रा.प. अनङ्कित द्वितीय स्तरका पदमा बढुवा भएमा सो समेत स्वतः रिक्त हुने छ ।♥

(२) प्रशासन सेवा र प्राविधिक सेवा तर्फका सबै प्रकारका पदमा अन्तर्वार्ता लिनु अघि लिखित परीक्षा लिनु पर्नेछ । यस्तो लखित परीक्षा लोक सेवा आयोगले सञ्चालन गर्नेछ ।*

(३) द्वितीय श्रेणी र सोभन्दा माथिका अधिकृत स्तरका पदहरूमा बढुवाद्वारा मात्र पूर्ति गरिनेछ ।

(४) प्रज्ञा-प्रतिष्ठानको सेवाको पदमा पदपूर्तिका अन्य तरिका प्राज्ञ-परिषद्को सिफारिसमा सेवा आयोगले निर्धारण गरेबमोजिम हुनेछन् ।

(५) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रतिष्ठानका सेवालाई समावेशी बनाउन खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये पैंतालीस प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शतप्रतिशत मानी देहाय बमोजिम उम्मेदवारका बीचमा मात्र छुट्टाछुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछ ।

| | |
|---|---|
| (क) महिला | ३३ प्रतिशत |
| (ख) आदिवासी जनजाति | २७ प्रतिशत |
| (ग) मधेसी | २२ प्रतिशत |
| (घ) दलित | ९ प्रतिशत |
| (ङ) अपाङ्ग | ५ प्रतिशत |
| (च) पिछडिएको क्षेत्र | ४ प्रतिशत |

**स्पष्टीकरण :** यस उपनियमको प्रयोजनका लागि पिछडिएको क्षेत्र भन्नाले अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ, मुगु र हुम्ला जिल्ला सम्झनुपर्छ ।

यस उपनियमको खण्ड (क), (ख), (ग), (घ) को प्रयोजनका लागि महिला, आदिवासी, मधेसी र दलित भन्नाले आर्थिक र सामाजिक रूपमा पछाडि परेका महिला, आदिवासी, जनजाति, मधेसी र दलितलाई सम्झनुपर्छ ।

(६) उपनियम (५) बमोजिम छुट्टयाएको पदमा जुन वर्षका लागि विज्ञापन भएको हो सो वर्ष हुने विज्ञापनमा उपयुक्त उम्मेदवार उपलब्ध हुन नसकेमा त्यस्तो पद अर्को वर्ष हुने विज्ञापनमा समावेश गर्नुपर्नेछ र त्यसरी विज्ञापन गर्दा पनि उपयुक्त उम्मेदवार उपलब्ध हुन नसकेमा त्यस्तो पद सोही वर्ष खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदमा समावेश गर्नुपर्नेछ ।

(७) प्रज्ञा-प्रतिष्ठानमा रिक्त रहेका कुनै पदमा नियुक्ति एवं बढुवा गर्न सेवा आयोगको सिफारिस अनिवार्य हुनेछ ।♣

## ८. न्यूनतम योग्यता

(१) प्रज्ञा-प्रतिष्ठान सेवाको पदमा खुला प्रतियोगिताबाट नियुक्तिका लागि उम्मेदवार हुन चाहिने न्यूनतम शैक्षिक योग्यता देहायबमोजिम हुने छ ।

(क रा.प. अनङ्कित तृतीय श्रेणी सरह पदको लागि दशम कक्षा उत्तीर्ण

(ख) रा.प. अनङ्कित खरिदार वा सो सरहको पदका लागि मान्यता प्राप्त शैक्षिक संस्थाबाट एस. एल. सी. वा सो सरहको परीक्षा उत्तीर्ण

(ग) रा.प. अनङ्कित ना.सु वा सो सरहको पदका लागि मान्यता प्राप्त शैक्षिक संस्थाबाट आई.ए. वा सो सरहको परीक्षा उत्तीर्ण

(घ) राजपत्राङ्कित अधिकृत तृतीय श्रेणी वा सो सरहको पदका लागि मान्यता प्राप्त शैक्षिक संस्थाबाट स्नातक वा सो सरहको परीक्षा उत्तीर्ण

(ङ) राजपत्राङ्कित द्वितीय र प्रथम श्रेणीका लागि कम्तीमा स्नातकोत्तर वा सो सरहको परीक्षा उत्तीर्ण

(च) श्रेणी विहीन र विशेष योग्यता आवश्यक पर्ने अन्य पदहरुको हकमा नेपाल प्रज्ञा-प्रतिष्ठान सेवा आयोगको परामर्शमा प्राज्ञ परिषद्ले निर्धारण गरे बमोजिम हुने छ ।

(छ) प्रज्ञा-प्रतिष्ठान अन्तर्गत रिक्त पदमा बढुवाको लागि जुन पदमा बढुवा गरिने हो सो पद भन्दा एक तहमुनिको पदमा तोकिएको लागि निर्धारित शैक्षिक योग्यता आवश्यक हुने छ तर रा.प. प्रथम श्रेणी सरह र द्वितीय श्रेणी सरहका पदमा बढुवाका लागि स्नातक तहको शैक्षिक योग्यता अनिवार्य हुने छ ।♥

---

♥ ३२ औं प्राज्ञ सभाबाट संशोधित

* ३१ औं प्राज्ञ सभाबाट संशोधित

♣३२ औं प्राज्ञ सभाद्वारा अधिकार प्रत्यायोजन गरिए अनुसार प्राज्ञ परिषद्को ५१ औं बैठकबाट संशोधित

(२) प्रज्ञा-प्रतिष्ठान अन्तर्गत बढुवाका लागि जुन पदमा बढुवा गरिने हो सोभन्दा एक तहमुनिको पदका लागि निर्धारित शैक्षिक योग्यता आवश्यक हुने छ तर रा.प.प्रथम श्रेणी सरह र द्वितीय श्रेणी सरहका पदमा बढुवाका लागि स्नातक तहको शैक्षिक योग्यता अनिवार्य हुने छ ।*

(३) **३१ औं प्राज्ञ सभाको निर्णय अनुसार खारेज**

## ९. नियुक्तिको लागि अयोग्यता

(१) देहायका कुनै पनि व्यक्ति प्रज्ञा-प्रतिष्ठानको सेवाको कुनै पनि पदमा नियुक्त हुन सक्नेछैनन् ।

(क) अधिकृत स्तरको पदको हकमा २१ वर्ष उमेर पुरा नभएको,

(ख) सहायक स्तर एवं श्रेणीविहीन पदको हकमा १८ वर्ष उमेर पुरा नभएको,

(ग) पुरुष उम्मेदवारको हकमा ३५ वर्ष र महिला उम्मेदवारको हकमा ४० वर्ष उमेर पुरा भइसकेको,

(घ) भविष्यमा प्रज्ञा-प्रतिष्ठानसेवाको निम्त अयोग्य ठहर्ने गरी सेवाबाट बर्खास्त भएको,

(ङ) गैरनेपाली नागरिक,

(च) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरेको,

(छ) प्रचलित कानुनले अयोग्य ठहराएको ।

## १०. नियुक्त गर्ने अधिकारी र नियुक्त गर्ने प्रक्रिया

(१) सेवा आयोगबाट सिफारिस भई आएका उम्मेदवारहरूमध्येबाट अधिकृत स्तरका पदहरूमा कुलपतिले तथा सहायक स्तर एवं श्रेणीविहीन पदहरूमा सचिवले नियुक्त गर्नेछ । यसरी सेवा आयेगबाट सिफारिसपत्र दाखिल भएको मितिले १५ दिनभित्र नियुक्त गरिसक्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम नियुक्त उम्मेदवारलाई त्यस्तो नियुक्तिको सूचना निजहरूको स्थायी ठेगानामा छिटो हुने संचारको साधनद्वारा दिनुपर्नेछ । सम्बन्धित उम्मेदवारले नियुक्तिको सूचना नपाएमा वा सूचना तामेल हुन नसकी फिर्ता आएमा सार्वजनिक पत्रपत्रिकामा एक महिनाको म्याद दिई सम्बन्धित उम्मेदवारलाई नियुक्तिपत्र बुझ्न आउन सूचना प्रकाशित गरिनेछ ।

(३) उपनियम (२) बमोजिम नियुक्तिपत्र बुझ्न आउनको लागि तोकिएको अवधिभित्र पनि सम्बन्धित उम्मेदवारले नियुक्तिपत्र बुझ्न नआएमा नियुक्ति गर्ने अधिकारीले त्यस्तो उम्मेदवारको नियुक्तिपत्र रद्द गरी सेवा आयोगको सिफारिसमा परेको वैकल्पिक उम्मेदवारमध्ये ज्येष्ठ योग्यताक्रम भएको उम्मेदवारलाई नियुक्त गरिनेछ ।

(४) यस नियमबमोजिम नियुक्त गरिएको कुनै उम्मेदवारलाई नियुक्तिपत्र दिँदा नियुक्त गर्ने अधिकारीले बहाली गर्नुपर्ने अवधि र मिति समेत तोक्न सक्नेछ । नियुक्तिपत्र बहाली गर्नको लागि कुनै खास अवधि तोकिएको भए सो अवधिभित्र तथा कुनै अवधि नतोकिएकोमा त्यस्तो नियुक्तिपत्र बुझिलिएको मितिबाट बाटोको म्यादबाहेक सामान्यतया ३५ दिनभित्र हाजिर भइसक्नुपर्नेछ ।

(५) उपनियम (३) बमोजिमको नियुक्तिपत्र रद्द भई वैकल्पिक उम्मेदवारलाई नियुक्ति दिनुपर्दा वैकल्पिक उम्मेदवारलाई नियुक्ति दिएको ७ दिनभित्र सो को सूचना सेवा आयोगमा पठाउनुपर्नेछ ।

## ११. निरोगिताको प्रमाणपत्र पेस गर्नुपर्ने

(१) नेपाल सरकारद्वारा स्वीकृत चिकित्सकबाट दिइएको निरोगिताको प्रमाणपत्र पेस नगरी कुनै पनि उम्मेदवारलाई नियुक्त गरिनेछैन ।

## १२. सपथ ग्रहण

(१) प्रज्ञा-प्रतिष्ठानको सेवामा पहिलोपटक नियुक्त भई आफ्नो कार्यभार सम्हाल्नुअघि प्रत्येक कलाकार तथा कर्मचारीले अनुसूची-१ बमोजिमको सपथ ग्रहण गर्नुपर्नेछ ।

## १३. परीक्षण-काल

(१) प्रज्ञा-प्रतिष्ठानको सेवाको स्थायी पदमा नयाँ नियुक्ति गर्दा १ वर्षको परीक्षण-कालमा रहने गरी नियुक्त गरिनेछ । तर महिला कर्मचारीको हकमा त्यस्तो परीक्षणकाल ६ महिनाको हुनेछ ।

(२) परीक्षण-कालमा रहेका कुनै कलाकार वा कर्मचारीको काम सन्तोषजनक नदेखिएमा नियुक्त गर्ने अधिकारीले निजको नियुक्ति बदर गरी नोकरीबाट हटाउन सक्नेछ ।

(३) उपनियम (२) बमोजिम नियुक्ति बदर नभएको कलाकार तथा कर्मचारीको नियुक्ति परीक्षण-कालको अवधि समाप्त भएपछि स्वतः स्थायी भएको मानिनेछ ।

(४) परीक्षण-कालमा रही सेवा गरेको अवधि पनि निजको सेवा अवधिमा जोडी गणना गरिनेछ ।

* **३२ औं प्राज्ञ सभाबाट संशोधित**

**१४. अस्थायी नियुक्ति**

(१) प्रज्ञा-प्रतिष्ठानको सेवाको कुनै पनि रिक्त स्थायी पदको कुनै कारणले तत्काल पूर्ति गर्नु आवश्यक देखिएमा नियुक्त गर्ने अधिकारीले बढीमा ६ महिनाको अवधिसम्मको लागि सेवा आयोगको सिफारिसबिना पनि अस्थायी नियुक्ति गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम रिक्त रहेको स्थायी पदमा स्थायी पदपूर्तिका लागि माग भएकोमा स्थायी व्यक्ति सिफारिस भई नआएसम्म सेवा आयोगको सहमति लिई ६ महिनाभन्दा बढीलाई पनि म्याद थप गरी काम लगाउन सकिनेछ ।

(३) नेपाल प्रज्ञाप्रतिष्ठानको निर्धारित दरबन्दीमा रहेका अस्थायी एवं करार सेवामा अटुट रूपमा कार्यरत कर्मचारी वा कलाकारले स्थायी रूपमा नियुक्त हुँदा निजले अस्थायी वा करार सेवामा व्यतीत गरेको अवधि सेवाअवधिमा गणना गरिने छ ।

**१५. करार एवं आमन्त्रणद्वारा काम लगाउन सकिने**

(१) यस नियमावलीमा अन्यत्र जेसुकै लेखिएको भए तापनि प्रज्ञा-प्रतिष्ठानको लागि कुनै कलाकार वा कुनै अनुभवी, दक्ष एवं ख्यातिप्राप्त व्यक्तिको सेवाको आवश्यकता परेमा विशेष दरबन्दीको सिर्जना गरी आंशिक समय वा कुनै निश्चित अवधिको लागि करारद्वारा काममा लगाउन सकिनेछ ।

(२) यो नियमावली संशोधन गर्नुअघि सेवा प्रवेश गरिसकेका कर्मचारी बाहेक नयाँ करार सेवामा नियुक्ति गर्दा प्राज्ञ परिषद्को स्वीकृति पश्चात् मात्र अधिकृत स्तर वा सोभन्दा माथिको विशेषज्ञ वा कर्मचारीलाई कुलपतिले र अधिकृतभन्दा मुनिका विशेषज्ञ वा कर्मचारीलाई सचिवले नियुक्ति गरी काममा लगाउन सक्ने छ । करार सेवा नवीकरण भने आवश्यकतानुसार नियुक्ति गर्ने पदाधिकारीले गर्न सक्ने छ ।♥

(३) उपनियम (१) तथा (२) बमोजिम काम गर्ने व्यक्तिलाई कामको प्रकृति अनुसार प्राज्ञ-परिषद्ले तोकेबमोजिमको पारिश्रमिक र अन्य सुविधाहरू प्रदान गर्न सक्नेछ ।

(४) यसरी करारद्वारा काममा लगाइएका व्यक्तिले सन्तोषजनक काम नगरेमा निजलाई १ महिनाको सूचना दिई करार रद्द गर्न सकिनेछ ।

**१६. पदाधिकार कायम रहने**

देहायका अवस्थामा कलाकार तथा कर्मचारीको आफ्नो पदमाथिको पदाधिकार कायम रहनेछ ।

(क) त्यस पदमा कामकाज गरिरहँदासम्म,
(ख) अर्को पदमा सरुवा भई कार्यभार सम्हाल्न पाइने म्यादसम्म,
(ग) बिदामा रहेको बखत,
(घ) निलम्बन रहेको बखत,
(ङ) काजमा खटाइएको बखत,
(च) कायम मुकायम भई काम गरेको बखत ।

*परिच्छेद ४*

## सरुवा

**१७. समान तहमा सरुवा र सेवा परिवर्तन गर्न सकिने**

कलाकार तथा कर्मचारीलाई आवश्यकतानुसार प्रज्ञा-प्रतिष्ठानको कुनै महाशाखा वा शाखाबाट अर्को महाशाखा वा शाखाको समान तहको पदमा सरुवा र सेवा परिर्वतन गर्न सकिने छ तर सेवा परिवर्तन गर्दा भने नेपाल प्रज्ञा-प्रतिष्ठान सेवा आयोगको सहमति र प्राज्ञ परिषद्को स्वीकृति लिनु पर्नेछ ।♣

**१८. सरुवा गर्ने अधिकारी**

सरुवाको आदेश दिने अधिकार अधिकृत स्तरको कलाकार वा कर्मचारीको हकमा कुलपति र अधिकृत स्तरमुनिका कलाकार वा कर्मचारीको हकमा सदस्य सचिवलाई हुने छ ।♥

---

♥ ३२ औं प्राज्ञ सभाबाट संशोधित

♣ ३२ औँ प्राज्ञ सभाद्वारा अधिकार प्रत्यायोजन गरिए अनुसार प्राज्ञ परिषद्को ५१ औँ बैठकबाट संशोधित

*परिच्छेद ५*

## काज, कायम-मुकायम र निमित्तसम्बन्धी व्यवस्था

**१९. काजमा पठाउन सकिने**

(१) प्रज्ञा-प्रतिष्ठानको सेवाको कुनै कलाकार वा कर्मचारीलाई प्रज्ञा-प्रतिष्ठानको सेवा बाहेकको अन्य कार्यालयमा आवश्यकतानुसार नियुक्त गर्ने अधिकारीले तलबी वा बेतलबी काजमा पठाउन सक्ने छ।♥

(२) उपनियम (१) बमोजिम कुनै कलाकार वा कर्मचारीलाई ६ महिनाभन्दा बढी अवधिको लागि काजमा खटाउँदा प्राज्ञ-परिषद्को स्वीकृति लिनुपर्नेछ।

**२०. कायम-मुकायमसम्बन्धी व्यवस्था**

(१) प्रज्ञा-प्रतिष्ठानको कुनै शाखा प्रमुख, महाशाखा प्रमुख, विभागीय प्रमुख वा कार्यालय प्रमुखको पद कुनै कारणवश ३० दिनभन्दा बढी अवधिको लागि रिक्त हुन आएमा सो रिक्त हुन आएको पदभन्दा एक तहमुनिको पदमा कार्यरत कर्मचारी मध्येबाट सो रिक्त रहेको पदको कार्यभार सह्माल्न सक्ने व्यक्तिलाई कुलपतिले कायम-मुकायम मुकर्रर गर्न सक्नेछ।

(२) उपनियम (१) मा उल्लिखित पदबाहेक अन्य पदमा विशेष परिस्थिति परी कायम-मुकायम मुकर्रर गर्नुपर्ने भएमा उपनियम (१) मा लेखिएको कुराले कुनै किसिमको बाधा पुऱ्याएको मानिनेछैन।

(३) उपनियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पनि रिक्त पदमा ६ महिनाभन्दा बढी कायम मुकायम मुकरर गरिने छैन।*

(४) उपनियम (३) बमोजिमको अवधिभित्र विशेष परिस्थिति परी पदपूर्ति हुन नसकेको अवस्थामा परिषद्ले विशेष निर्णय गरी उक्त नियममा उल्लेखित अवधिभन्दा बढी अवधिका लागि पनि कायम मुकायम गर्न सक्नेछ।

**२१. निमित्त भई काम गर्ने**

प्रज्ञा-प्रतिष्ठानको कुनै विभागीय प्रमुख वा कार्यालयप्रमुख कुनै कारणवश ३० दिनभन्दा कम अवधिको लागि अनुपस्थित भएमा उक्त विभागमा कार्यरत ज्येष्ठ कर्मचारीले निमित्त भई काम गर्न सक्ने छ।♥

**२२. कायम-मुकायम वा निमित्त भई काम गरेको तलब-भत्ता पाउने**

(१) यस परिच्छेदबमोजिम कुनै पदमा कायम मुकायम भई काम गरेकोमा त्यसरी काम गर्ने कर्मचारीले जुन पदको काम गरेको हो सोही पदको तलबभत्ता त्यसरी काम गरेको मितिदेखि पाउनेछ। त्यसरी पाउने तलब-भत्ताको रकम निजले खाईपाई आएको तलबभन्दा घटी हुने छैन।

(२) यस परिच्छेदबमोजिम कुनै पदमा निमित्त भई काम गरेकोमा त्यस्तो कर्मचारीले १५ दिनभन्दा कम अवधिको लागि निमित्त भई काम गरेकोमा कुनै प्रकारको तलब भत्ता दिइनेछैन। १५ दिनभन्दा बढी अवधि निमित्त भई काम गरेकोमा आफू बहाल रहेको भन्दा एक तहमाथिको तलब-भत्ता त्यसरी काम गरेको मितिदेखि पाउनेछ। त्यसरी पाउने तलब-भत्ताको रकम निजले खाईपाई आएको तलबभन्दा घटी हुनेछैन।

*परिच्छेद - ६*

## बढुवा

**२३. बढुवाको सिफारिस**

प्रज्ञा-प्रतिष्ठानको सेवाको पदहरूमा बढुवाको लागि सिफारिस सेवा आयोगले गर्नेछ।

**२४. बढुवाको उम्मेदवार हुन चाहिने न्यूनतम सेवाअवधि**

प्रज्ञा-प्रतिष्ठानको देहायबमोजिमको पदमा बढुवाको लागि उम्मेदवार हुन सो श्रेणी वा तहको पदभन्दा एक तहमुनिको श्रेणी वा तहको पदमा देहायबमोजिम न्यूनतम सेवाअवधि पुगेको हुनुपर्ने छ।♥

(क) सहायक स्तरका पदहरुमा बढुवा हुन बढुवा हुने पदभन्दा एक तहमुनिको पदमा ३ आर्थिक वर्षको सेवा अवधि पूरा भएको। ♥

(ख) अधिकृत स्तरका पदहरूमा बढुवा हुने पदभन्दा एक तह मुनिको पदमा ५ आर्थिक वर्षको सेवा अवधि पूरा भएको तर समावेशी समूह अन्तर्गत पर्ने समूहका उम्मेदवारको हकमा तोकिएको सेवा अवधि एक वर्ष कम भए पनि बढुवाका लागि सम्भाव्य उम्मेदवार हुन सक्ने छन्। ♥

---

♥ ३२ औं प्राज्ञ सभाबाट संशोधित

* ३१ औं प्राज्ञ सभाबाट संशोधित

**२५. बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन बन्देज**

यस परिच्छेदमा अन्यत्र जेसुकै लेखिएको भए तापनि देहायको अवस्थामा देहायको अवधिभर प्रज्ञा-प्रतिष्ठानको सेवाको कलाकार वा कर्मचारी बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन पाउनेछैन ।

(क) निलम्बन भएकोमा निलम्बन भएको अवधिभर,

(ख) पदोन्नति रोक्का भएकोमा रोक्का भएको अवधिभर,

(ग) तल्लो तहमा घुटवा भएको भए घटुवा भएको मितिले २ वर्ष नपुगेसम्म,

(घ) तलबवृद्धि रोक्का वा तल्लो टाइम स्केल वा सोही टाइम स्केलको तल्लो स्केलमा घटुवा भएको भए सो भएको मितिले १ वर्ष नपुगेसम्म,

(ङ) कार्यरत रहेको पदमा ३ पटकसम्म नसिहत पाएको भए अन्तिमपटक नसिहत पाएको मितिले १ वर्ष नपुगेसम्म,

**२६. ज्येष्ठताका मूल्याङ्कन**

कलाकार वा कर्मचारीहरूलाई बढुवा गर्दा यस निमायवली बमोजिम निजको कार्य क्षमताको मूल्याङ्कन गरी सबैभन्दा बढी अङ्क प्राप्त गर्ने कलाकार वा कर्मचारीलाई सबैभन्दा पहिले बढुवा गरिनेछ । तर कार्यक्षमताको मूल्याङ्कन गर्दा समान अङ्क प्राप्त भएमा ज्येष्ठताको आधारमा बढुवा गरिनेछ । त्यस्तो कर्मचारीको ज्येष्ठताको निर्धारण गर्दा देहायको आधारमा हुनेछ ।

(क) हाल बहाल रहेको श्रेणीको पदमा नियुक्ति वा बढुवा निर्णय भएको मितिको आधारमा,

(ख) खण्ड (क) बमोजिम ज्येष्ठता नछुट्टिएमा सोभन्दा एक तहको मुनिको श्रेणीमा नियुक्ति वा बढुवा निर्णय भएको मितिका आधारमा

(ग) खण्ड (क) र (ख) मा उल्लेखित कुनै पनि आधारबाट ज्येष्ठता नछुट्टिएमा सेवा आयोगको सिफारिसको योग्यताक्रमको आधारमा ।

**२७. बढुवाको मूल्याङ्कनको आधार**

कलाकार वा कर्मचारीले बढुवाका लागि कार्य क्षमताको मूल्याङ्कन गर्दा देहाय बमोजिम १०० अङ्क दिइने छ :-♥

ज्येष्ठता बापत - ३० अङ्क♥

कार्य सम्पादन मूल्याङ्कन बापत - ४० अङ्क♥

शैक्षिक योग्यता बापत अधिकृत स्तरमा - २० अङ्क♥

(न्यूनतम शैक्षिक योग्यता बापत १५ अङ्क र अतिरिक्त शैक्षिक योग्यता बापत ५ अङ्क)♥

शैक्षिक योग्यता बापत रा.प.अ. सहायक स्तरमा - २५ अङ्क♥

(न्यूनतम शैक्षिक योग्यता बापत २० अङ्क र अतिरिक्त शैक्षिक योग्यता बापत ५ अङ्क)♥

तालिम बापत - ५ अङ्क♥

निपुणताबापत अधिकृत स्तरका कर्मचारीका हकमा मात्र - ५ अङ्क♥

**२८. सेवा अवधिको मूल्याङ्कन**

(१) बढुवा हुने प्रयोजनको लागि सेवाअवधि भन्नाले बढुवा हुने पदभन्दा ठीक २ तहमुनि सम्मको पदमा काम गरेको अवधिलाई जनाउनेछ । सेवाअवधिको लब्धाङ्कको गणना गर्दा ३० अङ्कमा नबढ्ने गरी देहायका पदमा काम गरेकोमा देहायबमोजिम अङ्क दिइनेछ :

(क) बढुवा हुने पदभन्दा ठीक एक तहमुनिको पदमा काम गरेको प्रत्येक वर्षको लागि ३ अङ्क ।

(ख) खण्ड (क) भन्दा अर्को एक तहमुनिको पदमा काम गरेको प्रत्येक वर्षको लागि २ अङ्क ।

(२) एक वर्षभन्दा कम तर ६ महिना वा सोभन्दा बढीको सेवा अवधिको मूल्याङ्कन गर्दा १ वर्षकै लागि तोकिएको अङ्कको दामासाहीको हिसाबबाट अङ्क दिइनेछ ।

**२९. कार्य सम्पादनको मूल्याङ्कन**

(१) प्रज्ञा-प्रतिष्ठानका कलाकार वा कर्मचारीहरूको कार्य-सम्पादनको मूल्याङ्कनको लागि लब्धाङ्क गणना गर्दा कलाकार वा कर्मचारीको व्यक्तिगत ज्ञान, सिप, अनुशासन, कामप्रतिको अभिरुचि, आचरण तथा कार्यक्षमताको मूल्याङ्कन गरी त्यसको आधारमा गणना गरिने छ । ♥

(२) कार्य-सम्पादनको मूल्याङ्कनको लागि प्रयोग गरिने कार्यसम्पादनको मूल्याङ्कन फाराम अनुसूची-२ बमोजिम हुने छ । ♥

---

♥ ३२ औं प्राज्ञ सभाबाट संशोधित

(३) श्रेणीविहीन र सहायक स्तरको कलाकार वा कर्मचारीको हकमा मूल्याङ्कन गरिने कलाकार वा कर्मचारी कार्यरत महाशाखाको शाखा प्रमुख सुपरिवेक्षणकर्ता हुने छ र महाशाखा प्रमुख पुनरावलोकनकर्ता हुने छ । पुनरावलोकन समितिको अध्यक्ष प्रतिष्ठानको सचिव हुने छ भने सो समितिमा सुपरिवेक्षणकर्ता र पुनरावलोकनकर्ता सदस्य रहने छन् ।♥

(४) अधिकृत द्वितीय र तृतीय स्तरका कलाकार वा कर्मचारीको हकमा मूल्याङ्कन गर्ने सुपरिवेक्षणकर्ता महाशाखा प्रमुख हुने छ । त्यसको पुनरावलोकनकर्ता सचिव हुने छ । उपकुलपति पुनरावलोकन समितिको अध्यक्ष हुने छ भने पुनरावलोकन समितिमा सुपरिवेक्षणकर्ता, प्रशासन प्रमुख र पुनरावलोकनकर्ता सदस्य रहने छन् । ♥

(५) अधिकृत प्रथम श्रेणीको कलाकार वा कर्मचारीको हकमा सुपरिवेक्षणकर्ता सचिव हुने छ । त्यसको पुनरावलोकनकर्ता उपकुलपति हुने छ । कुलपति पुनरावलोकन समितिको अध्यक्ष हुने छ भने पुनरावलोकन समितिमा सुपरिवेक्षणकर्ता र पुनरावलोकनकर्ता सदस्य रहने छन् । ♥

(६) कर्मचारीहरुको कार्य सम्पादन मूल्याङ्कनबापत निम्नानुसार अङ्क प्रदान गरिने छ :- ♥

(क) सुपरिवेक्षणकर्ता - २५अङ्क

(ख) पुनरावलोकनकर्ता - १०अङ्क

(ग) पुनरावलोकन समिति - ५ अङ्क

तर यो नियम प्रारम्भ हुनुभन्दा अघि प्राप्त गरेको का.स.मू. बापतको प्राप्ताङ्कलाई यस नियम बमोजिम निर्धारण गर्नु परेमा ३० अङ्कलाई ४० अङ्क मानी सोही अनुपातमा प्राप्ताङ्क निर्धारण गरिने छ । ♥

## ३०. शैक्षिक योग्यता र तालिमको मूल्याङ्कन

(१) शैक्षिक योग्यताको गणना गर्दा देहाय बमोजिम गरिने छ :-♥

<u>राजपत्राङ्कित सरहका अधिकृत स्तरका कर्मचारीका हकमा</u>

| | प्रथम श्रेणी | द्वितीय श्रेणी | तृतीय श्रेणी♥ |
|---|---|---|---|
| न्यूनतम शैक्षिक योग्यता | १५ | १३ | ११ |
| अतिरिक्त शैक्षिक योग्यता | ५ | ४ | ३ |

(श्रेणी नखुलेकोमा एकमा द्वितीय श्रेणी सरहको अङ्क दिइने)

<u>राजपत्र अनङ्कित सरहका सहायक स्तरका कर्मचारीका हकमा</u>

| | प्रथम श्रेणी | द्वितीय श्रेणी | तृतीय श्रेणी♥ |
|---|---|---|---|
| न्यूनतम शैक्षिक योग्यता बापत | २० | १८ | १६ |
| अतिरिक्त शैक्षिक योग्यता बापत | ५ | ४ | ३ |

(श्रेणी नखुलेकोमा एकमुस्ट द्वितीय श्रेणी बापतको अङ्क दिइने)

(२) नेपाल प्रज्ञा-प्रतिष्ठान सेवामा बढुवाका लागि शैक्षिक योग्यताको अङ्क दिँदा अधिकृत स्तरको पदमा सेवा प्रवेश गर्न आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता र सोभन्दा माथिको सम्बन्धित विषयको एक अतिरिक्त शैक्षिक उपाधिबापतको मात्र अङ्क दिइने छ । जस्तै- तृतीय श्रेणीको अधिकृतका लागि न्यूनतम शैक्षिक योग्यता स्नातक र त्यसभन्दा माथिको स्नातकोत्तर तहको अङ्क दिइने छ । सहायक स्तरका पदमा बढुवाका हकमा भने सेवा प्रवेश गर्दा आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता र सोभन्दा माथिको सम्बन्धित विषयको एक शैक्षिक उपाधि बापत अङ्क दिइने छ । जस्तै - रा.प. अनङ्कित प्रथम श्रेणी सरहको ना.सु. पदका लागि न्यूनतम शैक्षिक योग्यता आई. ए. वा सो सरह र त्यसभन्दा माथिको स्नातक तहको अङ्क दिइने छ ।♥

(३) प्रतिष्ठानको सेवामा कार्यरत कर्मचारीलाई सेवाकालीन तालिम बापत देहाय बमोजिम अङ्क दिइने छ :-♥

प्रथम श्रेणी - ५

द्वितीय श्रेणी - ४

तृतीय श्रेणी - ३

श्रेणी नखुलेको तालिमलाई एकमुस्ट द्वितीय श्रेणी बापतको अङ्क दिइने छ । सेवाकालीन तालिम कम्तीमा १ महिना वा सोभन्दा बढी अवधिको हुनु पर्ने छ । तालिम बढुवा हुने तहभन्दा १ तहमुनिको पदमा रहँदाको सेवासँग सम्बन्धित विषयको हुनु पर्ने छ ।♥

(४) श्रेणी नखुलेको शैक्षिक योग्यता वा तालिमको लागि द्वितीय श्रेणीसरहको अङ्क दिइनेछ ।

(५) शैक्षिक योग्यता र तालिमबापत दिइने अधिकतम अङ्क ३० हुनेछ ।

---

♥ ३२ औं प्राज्ञ सभाबाट संशोधित

## ३१. विशेष निपुणताको मूल्याङ्कन

(१) निम्नलिखित विशेष क्षमता वा निपुणताको लागि देहाय बमोजिम बढीमा १० अङ्क दिइनेछ ।

(क) **३१ औं प्राज्ञ सभाको निर्णय अनुसार खारेज**

(ख) **३१ औं प्राज्ञ सभाको निर्णय अनुसार खारेज**

(ग) अधिकृत स्तरका कर्मचारीका लागि विशेष निपुणबापत प्रज्ञा प्रतिष्ठानका विभागहरुसँग सम्बन्धित कुनै पनि विषयमा वा व्यवस्थापनसँग सम्बन्धित विषयमा अनुसन्धानमूलक वा विश्लेषणात्मक ग्रन्थ प्रकाशन गरेकोमा सेवा आयोगद्वारा गठन गरिएका तिन जना विज्ञहरुका मूल्याङ्कित नम्बरका आधारमा कुनै एक पुस्तकाकार कृतिका लागि बढीमा ३ अङ्क सम्म र अतिरिक्त थप १ कृतिका लागि बढीमा २ अङ्क सम्म प्रदान गरिने छ । सिर्जनात्मक पुस्तकाकार कृतिका लागि बढीमा २ अङ्कसम्म प्रदान गर्न सकिने छ । अतिरिक्त थप एक सिर्जनात्मक कृतिका लागि थप २ अङ्कसम्म प्रदान गर्न सकिने छ । ♥

(२) कुनै कलाकार वा कर्मचारीमा माथि उपनियम (१) को खण्ड (क) र (ख) मा उल्लेख गरिएको दखल वा क्षमता भएमा सहायक स्तरको कर्मचारीको हकमा सचिवले र अधिकृत स्तरका कुनै कलाकार वा कर्मचारीको हकमा कुलपतिले निजलाई सो कुराको उल्लेख गरी सिफारिस-पत्र दिनेछ । सो सिफारिस-पत्र सेवा आयोगमा बढुवाको दरखास्त दिँदा साथै पेस गर्नु सम्बन्धित उम्मेदवारको कर्तव्य हुनेछ, सो नगरेमा त्यसबापत अङ्क दिइनेछैन ।

(३) कुनै कलाकार वा कर्मचारीको अनुसन्धान, प्रकाशन वा सर्वेक्षणसम्बन्धी कृति भएमा सोको मूल्याङ्कनको लागि दरखास्तसाथ सेवा आयोगमा पेस गर्नुपर्नेछ । यसरी प्राप्त भएको कृति सेवा आयोगले उचित ठानेमा तीनजना लब्धप्रतिष्ठ विद्वान् विशेषज्ञको समिति गठन गरी सो समितिद्वारा माथि उपनियम १ को खण्ड (ग) को प्रयोजनको लागि मूल्याङ्कन गर्न लगाई आयोग रेकर्डमा राख्नुपर्नेछ । बढुवा हुने अवस्थामा उपयुक्त कृतिको लागि उक्त मूल्याङ्कनको आधारमा अंक प्रदान गरिनेछ ।

(४) नियम ३१ को उपनियम (१) को खण्ड (ग) बमोजिम प्राप्त अङ्कको आधारमा क्षमताको मूल्याङ्कन गरी निजको बढुवा भइ सकेपछि पनि पुनः सोही अङ्क अर्को पटक बढुवामा गणना गरिने छैन । तर बढुवा भइसकेपश्चात् प्रकाशित गरेको नयाँ कृति वा प्राप्त गरेको नयाँ तालिमबापत पुनः निर्धारित अङ्क पाउनमा यस नियममा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन ।*

## ३२. बढुवा नामावलीको प्रकाशन, उजुरी

(१) बढुवाको लागि छनोट भई सिफारिस भएका उम्मेदवारहरूको नामावली सेवा आयोगले प्रज्ञाप्रतिष्ठानको सूचनापाटीमा टाँसी प्रकाशित गर्नेछ । यसरी नामावली प्रकाशित गर्दा उम्मेदवारहरूले प्राप्त गरेको अङ्क समेत उल्लेख गर्नुपर्दछ ।

(२) उपनियम (१) बमोजिम प्रकाशित बढुवा नामावलीमा कुनै उम्मेदवारको चित्त नबुझे निजले सो बढुवा-निर्णयउपर उजुरी दिन चाहेमा सो बढुवा-नामावली प्रकाशित भएको मितिले ३५ दिनभित्र प्राज्ञ-परिषद् वा प्राज्ञ-परिषद्ले तोकेको पदाधिकारी समक्ष उजुरी दिन सक्नेछ ।

(३) उपनियम (२) बमोजिम उजुरी पर्न आएकोमा प्राज्ञ-परिषद्ले त्यस्ता उजुरीउपर आवश्यक कारवाही गरी बढुवाको लागि प्रकाशित नामावलीमा कुनै संशोधित गर्नुपर्ने उचित र पर्याप्त कारण भएमा संशोधित गरी संशोधित नामावली सेवा आयोगलाई दिनुपर्नेछ । यसरी प्राज्ञ-परिषद्ले बढुवाको लागि संशोधित उक्त नामावली सेवा आयोगले पुनः प्रकाशित गर्नेछ ।

(४) उपनियम (२) बमोजिम पर्न आएको उजुरी प्राज्ञ-परिषद्ले आधारहीन ठहऱ्याएमा सोको मनासिबमाफिकको कारण समत जानकारीको लागि सम्बन्धित उजुरवालालाई दिनेछ ।

(५) उपनियम (१) बमोजिम सेवा आयोगबाट प्रकाशित नामावलीउपर कुनै उजुरी नपरेमा उक्त नामावली प्रकाशित भएको मितिले ३६ औं दिनमा उक्त प्रकाशित नामावली बढुवाको लागि सिफारिस गर्नेछ ।

## ३३. बढुवा नियुक्ति दिने

नियम ३२ बमोजिम बढुवाको लागि सेवा आयोगको सिफारिस प्राप्त भएपछि सम्बन्धित कलाकार वा कर्मचारीलाई नियुक्ति गर्ने अधिकारीले बढुवाको नियुक्ति दिनुपर्नेछ ।

## ३४. उमेरको हद नलाग्ने

प्रज्ञा-प्रतिष्ठानको सेवाको पदमा बढुवा हुनको लागि कलाकार वा कर्मचारीलाई उमेरको हद लाग्ने छैन ।

## ३५. ३२ औं प्राज्ञ सभाको निर्णय अनुसार खारेज

♥ ३२ औं प्राज्ञ सभाबाट संशोधित

* ३१ औं प्राज्ञ सभाबाट संशोधित

## ३६. श्रेणी विहीन पदका कर्मचारीको स्तरवृद्धि सम्बन्धी व्यवस्था

(१) श्रेणीविहीन पदका कर्मचारीको स्तरवृद्धि सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :
- (क) प्रथम स्तर
- (ख) द्वितीय स्तर
- (ग) तृतीय स्तर
- (घ) चतुर्थ स्तर
- (ङ) पाचौं स्तर

(२) श्रेणीविहीन पदमा सुरु नियुक्ति हुने कर्मचारीको प्रथम स्तर कायम हुनेछ ।

(३) प्रतिष्ठानमा सजायको अभिलेख नभएका श्रेणीविहीन कर्मचारीको अख्तियारवालाले देहायबमोजिम स्तरवृद्धि गर्नेछ :
- (क) पाँच वर्ष वा सोभन्दा बढी तर दश वर्षभन्दा कम सेवा अवधि भएकालाई द्वितीय स्तर
- (ख) दस वर्ष वा सोभन्दा बढी तर पन्ध्र वर्षभन्दा कम सेवा अवधि भएकालाई तृतीय स्तर
- (ग) पन्ध्र वर्ष वा सोभन्दा बढी सेवा अवधि तर बीस वर्षभन्दा कम सेवा अवधि भएकालाई चतुर्थ स्तर
- (घ) बीस वर्ष वा सोभन्दा बढी सेवा अवधि भएकालाई पाचौं स्तर

(४) स्तर वृद्धि भएका कर्मचारीको तलबमान निजामती कर्मचारी सरह हुनेछ ।

(५) स्तरवृद्धि सम्बन्धी अन्य व्यवस्था प्रज्ञा-प्रतिष्ठानले तोके बमोजिम हुनेछ ।

## ३७. बढुवा सम्बन्धी विशेष व्यवस्था

(१) एउटै श्रेणीमा कम्तीमा १५ वर्षसम्म बहाल रहिरहेका अधिकृत स्तर प्रथम श्रेणी वा सोभन्दा मुनिका कलाकार कर्मचारीले अवकाश हुन एक महिना बाँकी भएमा निजहरूलाई एक श्रेणी माथिको पदमा बढुवा गरिने छ ।♥

(२) एउटै पदमा कम्तीमा १५ वर्षसम्म बहाल रहिरहेका अधिकृत प्रथम श्रेणी वा सो भन्दा मुनिका कुनै कलाकार कर्मचारीले स्वेच्छिक अवकाश लिन चाहि निवेदन दिएमा निजलाई एक श्रेणीमाथिको पदमा बढुवा गरी अवकाश दिइने छ ।♥

(३) उपनियम (१) र (२) बमोजिम बढुवाको लागि स्वतः विशेष पद सृजना हुनेछ र त्यस्ता कर्मचारी सेवाबाट अवकाश भएपछि सो पद स्वतः खारेज हुनेछ ।

(४) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि एउटै पदमा यस नियम बमोजिमको अवधि पूरा भएको कुनै कर्मचारीको मृत्यु भएमा त्यस्तो कर्मचारीको परिवारलाई एक श्रेणीमाथिको पदको निवृत्तिभरण लगायत अन्य सुविधा प्रदान गरिनेछ ।

*परिच्छेद ७*

# बिदा

## ३८. बिदाको प्रकार

(१) प्रज्ञा-प्रतिष्ठानका कलाकार तथा कर्मचारीहरूले सार्वजनिक बिदाबाहेक देहायका बिदाको सुविधा पाउने सक्नेछन् :
- (क) भैपरी आउने बिदा,
- (ख) पर्व बिदा
- (ग) घर बिदा
- (घ) बिरामी बिदा
- (ङ) किरिया बिदा
- (च) प्रसूति बिदा
- (छ) विशेष बिदा
- (ज) अध्ययन बिदा
- (झ) असाधारण बिदा
- (ञ) प्रसुति स्याहार बिदा*

## ३९. भैपरी आउने बिदा

(१) प्रज्ञा-प्रतिष्ठानका कलाकार तथा कर्मचारीले वर्षको ६ दिन भैपरी आउने बिदा पाउन सक्नेछ ।

(२) भैपरी आउने बिदा बस्दा कलाकार तथा कर्मचारीले पुरा तलब पाउनेछ ।

(३) साधारणतया एकपटकमा ३ दिनभन्दा बढीको भैपरी आउने बिदा लिन पाइनेछैन ।

---

♥ ३२ औं प्राज्ञ सभाबाट संशोधित

* ३१ औं प्राज्ञ सभाबाट संशोधित

(४) भैपरी आउने बिदा आधा दिन पनि लिन सकिनेछ ।
(५) एक वर्षको भैपरी आउने बिदा सञ्चित गरी अर्को वर्षमा लिन पाइनेछैन ।
(६) बिदा दिने अधिकारीले मौखिक अनुरोधको आधारमा पनि भैपरी आउने बिदाको स्वीकृति दिन सक्नेछ । तर त्यसरी भैपरी आउने बिदाको स्वीकृति दिएकोमा निजले बिदा दिएको कुराको अभिलेख राख्न लगाउनु पर्नेछ ।

## ४०. पर्व बिदा

(१) प्रज्ञा-प्रतिष्ठानका कलाकार तथा कर्मचारीले प्रत्येक वर्ष ६ दिन पर्व बिदा पाउन सक्नेछन् ।
(२) पर्वबिदामा बस्दा कलाकार तथा कर्मचारीले पूरा तलब पाउनेछ ।
(३) साधारणतया एक पटकमा ३ दिनभन्दा बढीको पर्बबिदा लिन पाइनेछैन ।
(४) पर्व बिदा आधा दिन पनि लिन सकिनेछ ।
(५) एक वर्षको पर्वबिदा सञ्चित गरी अर्को वर्षमा लिन पाइनेछैन ।
(६) बिदा दिने अधिकारीले मौखिक अनुरोधको आधारमा पनि पर्व बिदाको स्वीकृति दिन सक्नेछ । तर त्यसरी पर्व बिदाको स्वीकृति दिएकोमा निजले बिदा दिएको कुराको अभिलेख राख्न लगाउनु पर्नेछ ।

## ४१. घरबिदा

(१) प्रज्ञा-प्रतिष्ठानका कलाकार तथा कर्मचारीले प्रत्येक वर्ष ३० दिनमा नबढाई काम गरेको अवधिको १२ दिनको एक दिनको दरले घरबिदा पाउनेछ ।
(२) यस नियमको प्रयोजनको लागि काम गरेको अवधि भन्नाले सो अवधिभित्र लिएको भैपरिआउने बिदा, पर्व बिदा, बिरामी बिदा, सुत्केरी बिदा, किरिया बिदा र सार्वजनिक बिदालाई समेत जनाउँछ ।
(३) घर बिदामा बस्दा कलाकार तथा कर्मचारीले पुरा तलब पाउनेछ ।
(४) कलाकार वा कर्मचारीले आफूले पकाएको घर बिदा एक सय असी दिनसम्म सञ्चित गरी राख्न पाउने छ । यसरी एक सय पचास दिनभन्दा बढी घर बिदा सञ्चित हुने कलाकार वा कर्मचारीले सो सञ्चित रहेको बिदा बापत एक वर्षमा ३० दिनमा नबढाई घर बिदा बापतको रकम निजको पदाधिकार रहेको पदबाट खाईपाई आएको तलबको दरले हुन आउने रकम आर्थिक वर्षको अन्त्यमा एकमुस्ट पाउने छ ।*
(५) कुनै कलाकार तथा कर्मचारी जुनसुकै बेहोराले सेवाबाट अलग्ग भएमा निजको सञ्चित रहेको घर बिदामध्ये बढीमा एक सय पचास दिनको घरबिदा बापत निजको पदाधिकार रहेको पदबाट खाईपाई आएको तलबको दरले हुन आउने रकम एकमुष्ट लिन पाउने छ ।*
(६) सेवाअवधिभित्र कुनै कलाकार वा कर्मचारीको मृत्यु भएमा निजको सञ्चित रहेको घरबिदा वापतको रकम मृत्यु हुँदाको अवस्थाको तलबको दरले हुने रकम निजको नजिकको हकवालालाई दिइनेछ ।
(७) विशेष बिदा, अध्ययन बिदा, असाधारण बिदामा बसेको र निलम्बनमा रहेको कलाकार वा कर्मचारीले सो अवधिभरको घर बिदा पाउने छैन ।
(८) कलाकार तथा कर्मचारीले वर्षमा एकपटक कम्तीमा सात दिन घर बिदा लिई घर जाँदा र घरबिदा भुक्तान गरी घरबाट आफ्नो कार्यालयमा आउँदा पैदल बाटोलाई आठ कोसको निम्ति एक दिनको दरले तथा मोटर, रेल, हवाईजहाजको बाटोलाई जति दिन लाग्ने हो त्यो दिन बाटोको म्याद पाउनेछ ।

## ४२. बिरामी बिदा

(१) प्रज्ञा-प्रतिष्ठानका कलाकार तथा कर्मचारीले प्रत्येक वर्ष १२ दिन बिरामी बिदा पाउनेछ ।
(२) बिरामी बिदा बस्दा कलाकार तथा कर्मचारीले पूरा तलब पाउनेछ ।
(३) सात दिनभन्दा बढी अवधिको बिरामी बिदाको अनुरोध गर्ने कलाकार वा कर्मचारीले स्वीकृत चिकित्सकको प्रमाणपत्र पेस गर्नुपर्नेछ । तर बिदा स्वीकृत गर्ने अधिकारीले मनासिब ठहऱ्याएमा त्यस्तो प्रमाणपत्र बिना नै उक्त बिदा स्वीकृत गर्न सक्नेछ ।
(४) कलाकार तथा कर्मचारीले आफूले पाएको बिरामी बिदा सञ्चित गरी राख्न पाउनेछ ।
(५) उपनियम (४) बमोजिम सञ्चित बिरामी बिदाबापत कुनै कलाकार वा कर्मचारी जुनसुकै किसिमले सेवाबाट अलग भएमा निजको पदाधिकारी रहेको पदबाट खाईपाई आएको तलबको दरले हुन आउने रकम एकमुष्ट लिन पाउनेछ ।
(६) सेवाअवधिभित्र कुनै कलाकार वा कर्मचारीको मृत्यु भएमा निजको सञ्चित रहेको बिरामी बिदाबापतको रकम निजको नजिकको हकवालालाई दिइनेछ ।
(७) कलाकार तथा कर्मचारीले असाधारण बिदा लिई बसेमा वा निलम्बनमा रहेको अवधिभर बिरामी बिदा पाउन छैन ।

---
* ३१ औं प्राज्ञ सभाबाट संशोधित

(८) कुनै ठूलो वा कडा रोग लागी उपचार गर्न बिरामी बिदा र घर बिदाबाट नपुग हुने भएमा स्वीकृत चिकित्सकको प्रमाणपत्र पेस गरी कर्मचारीले पछि पाउने बिदा र घरबिदाबाट कट्टा हुनेगरी ४५ दिनसम्म थप बिरामी बिदा पेस्कीको रूपमा लिन सक्नेछ। यसरी पेसकीको रूपमा बिरामी बिदा लिएको कलाकार वा कर्मचारीको मृत्यु हुन गएमा त्यस्तो पेस्की लिएको बिदा स्वतः मिनाहा हुनेछ।

(९) उपनियम (८) बमोजिमको बिदाले नपुग भई थप बिदा लिन परेमा स्वीकृत चिकित्सकको प्रमाणपत्र पेस गरी त्यस्तो कलाकार वा कर्मचारीले पाउने असाधारण बिदाबाट कट्टा हुनेगरी सेवाअवधिमा एक वर्षमा नबढ्ने गरी असाधारण बिदा लिन सक्नेछ। यसरी असाधारण बिदामा बस्दा त्यस्ता कर्मचारीले पाउने पदाधिकार रहेको पदको सुरु तलब स्केलको दरले तलब पाउनेछ।

## ४३. किरिया बिदा

(१) कुनै कलाकार कर्मचारीले कुलधर्मअनुसार आफैं किरिया बस्नुपरेमा बढीमा १५ दिनसम्म किरिया बिदा पाउनेछ। महिला कलाकार वा कर्मचारीको पतिले किरिया बस्नुपरेमा निजलाई पनि सोही अनुसार किरिया बिदा दिइनेछ।

(२) किरिया बिदामा बस्दा कलाकार तथा कर्मचारीले पूरा तलब पाउँछ।

## ४४. प्रसूति बिदा

(१) महिला कलाकार वा कर्मचारी गर्भवती भएमा निजले सुत्केरीको अघि पछि गरी ९८ दिन प्रसूति बिदा पाउने छ।*

(२) प्रसूति बिदामा बस्दा महिला कलाकार तथा कर्मचारीले पूरा तलब पाउनेछ।

(३) प्रसूति बिदा सेवाअवधि भर दुईपटक मात्र दिइनेछ। सोभन्दा बढी गर्भवती हुने महिला कलाकार वा कर्मचारीले सुत्केरी हुँदा आवश्यक पर्ने बिदा निजले पाएको जुनसुकै बिदाबाट कट्टी हुने गरी लिन सक्नेछ।

(४) प्रसूति बिदा लिएको अभिलेख बिदा स्वीकृत गर्ने अधिकारीले अद्यावधिक बनाई राख्नुपर्नेछ।

(५) प्रसूति बिदा वा प्रसूति स्याहारमा बसेका कलाकार वा कर्मचारीले शिशु स्याहार भत्ता बापत परिषद्ले तोके बमोजिमको भत्ता पाउनेछन्।

## ४५. प्रसूति स्याहार बिदा

कुनै पुरुष कर्मचारीकी पत्नी सुत्केरी हुने भएमा त्यस्तो कर्मचारीले सुत्केरीको अघिपछि गरी पन्ध्र दिन प्रसूति स्याहार बिदा लिन पाउनेछ। प्रसूति स्याहार बिदामा बस्ने कर्मचारीले पूरा तलब पाउनेछ। प्रसूति स्याहार बिदा सेवा अवधिभर दुई पटक पाइन्छ। प्रसूति स्याहार बिदा लिएका कर्मचारीले बिदा लिएको मितिले ३ महिनाभित्रमा बच्चाको जन्म दर्ता प्रमाण कार्यालयमा पेस गर्नुपर्नेछ।

## ४६. विशेष बिदा

(१) ३ वर्ष स्थायी सेवाअवधि पूरा गरेको कलाकार तथा कर्मचारीले विशेष कारण देखाएमा प्रत्येक वर्षमा बढीमा १ महिनामा नबढाई विशेष बिदा पाउन सक्नेछ।

(२) विशेष बिदा लिई बसेको कलाकार तथा कर्मचारीले सो अवधिको आधा तलब पाउनेछ।

(३) एक वर्षको विशेष बिदा सञ्चित गरी अर्को वर्षमा लिन पाउनेछैन।

## ४७. अध्ययन बिदा

(१) ३ वर्ष स्थायी सेवा पूरा गरेको कलाकार तथा कर्मचारीले प्रज्ञा-प्रतिष्ठानको सेवालाई उपयोगी र आवश्यक पर्ने विषयमा प्रज्ञा-प्रतिष्ठानको स्वीकृति लिई वा प्रज्ञा-प्रतिष्ठानबाट मनोनीत भई अध्ययन गर्न जाँदा अध्ययन अवधिभर अध्ययन बिदा पाउनेछ।

(२) अध्ययन बिदा आफ्नो सेवा वधिभरमा एक वा एकभन्दा बढी पटक गरी जम्मा ५ वर्षसम्म पाउन सक्नेछ।

(३) अध्ययन बिदामा बस्दा कलाकार तथा कर्मचारीले पूरा तलब पाउनेछ।

(४) अध्ययन-बिदा पाउने कलाकार वा कर्मचारीले आफ्नो अध्ययनमा सन्तोषजनक प्रगति गरेको छैन भन्ने प्रज्ञा-प्रतिष्ठानलाई लागेमा कुनै पनि बखत त्यस्तो कलाकार तथा कर्मचारीलाई निजको बिदा रद्द गरी फिर्ता बोलाउन सक्नेछ।

(५) अध्ययन बिदामा बस्ने कलाकार वा कर्मचारीको अध्ययन बिदाको अवधिमा बिरामी बिदा सञ्चित भइरहनेछ।

## ४८. असाधारण बिदा

(१) कुनै बिदा बाँकी नरहेमा वा अन्य कारणले गर्दा कुनै कलाकार वा कर्मचारीले असाधारण बिदा पाउनको लागि निवेदन गरेमा एक पटकमा १ वर्षमा नबढाई सेवाअवधिभरमा ३ वर्षमा नबढाई असाधारण बिदा दिन सक्नेछ।

---

* ३१ औं प्राज्ञ सभाबाट संशोधित

(२) असाधारण बिदामा बस्ने कलाकार तथा कर्मचारीले सो अवधिभर तलब पाउनेछैन । तर नियम ४२ को उपनियम (९) बमोजिम असाधारण बिदामा बसेको कलाकार वा कर्मचारीको हकमा सोमा लेखिए बमोजिम तलब पाइनेछ ।

(३) पाँच वर्षको स्थायी सेवाअवधि नपुगेको कुनै पनि कलाकार वा कर्मचारीले असाधारण बिदा पाउनेछैनन् । तर नियम ४२ को उपनियम (९) बमोजिम थप बिरामी बिदाबापत असाधारण बिदामा बस्न यस उपनियमले कुनै किसिमको बाधा पुर्‍याएको मानिनेछैन ।

(४) कुनै कलाकार वा कर्मचारीले लिएको असाधारण बिदाको अवधि निजको सेवाअवधिमा गणना गरिनेछैन ।

**४९. बिदा स्वीकृत गर्ने अधिकारी**

(१) प्रज्ञा-प्रतिष्ठानका अधिकृत स्तर प्रथम श्रेणीको कर्मचारीको बिदा कुलपतिले र सोभन्दा मुनिका अधिकृत कर्मचारीको बिदा सचिव वा निजले अधिकार-प्रत्यायोजन गरेका अधिकारीले बिदा स्वीकृत गर्न सक्नेछ । तर अध्ययन बिदा र असाधारण बिदा प्राज्ञ-परिषद्को स्वीकृतिबाट मात्र दिइनेछ ।

**५०. बिदाको अभिलेख**

(१) बिदा दिने अधिकारीले आफ्नो मातहतमा काम गर्ने कलाकार वा कर्मचारीहरूको बिदाको अभिलेख राख्न लगाउनुपर्नेछ ।

**५१. बिदा अधिकारको रूपमा नहुने**

(१) बिदा अधिकराको कुरा होइन, प्रज्ञा-प्रतिष्ठानको काममा बाधा नपर्ने गरी दिइने सहुलियत मात्र हो । कुनै पनि कलाकार वा कर्मचारीले हकको रूपमा बिदा बस्न दाबी गर्न पाउनेछैन ।

(२) कामको अनुकुलता हेरी बिदा दिने अधिकारीले आफ्नो तजबिजबाट बिदा दिन अथवा नदिन पनि सक्नेछ । साथै आवश्यकता परेमा बिदामा बसेको कलाकार वा कर्मचारीलाई बोलाई काम लगाउन सक्नेछ ।

(३) बिरामी बिदा, किरिया बिदा एवं प्रसूति बिदाबाहेकका अन्य बिदाहरू पूर्वस्वीकृतिबेगर बस्न पाइनेछैन । यस नियमावलीबमोजिम बिदा स्वीकृत नगराई कुनै कलाकार वा कर्मचारी आफ्नो कार्यालयबाट गयल हुन पाउनेछैन । बिदा स्वीकृत नगराई गयल हुने कलाकार वा कर्मचारीलाई तलब कट्टी गर्न वा सजाय गर्न सकिनेछ ।

तर निकासा नहुँदै बिदा बसेपछि सो अनुपस्थित भएको अवधिको लागि बिदाको निवेदन गरेको बिदा स्वीकृत भएमा यो नियमको उलङ्घन गरेको मानिनेछैन ।

(४) उपनियम (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि गयल हुने कलाकार वा कर्मचारीको गयल भएको अवधि १५ दिनभन्दा बढी रहेछ भने त्यस्तो अवधिलाई निजले पाउने असाधारण बिदाबाट कट्टा हुने गरी असाधारण बिदा जनाइनेछ ।

## *परिच्छेद -८*

## तलब, भत्ता, चाडपर्व खर्च तथा अन्य सुविधाहरू

**५२. पाएको तलब-भत्ता पाउने**

(१) प्रज्ञा-प्रतिष्ठानको कलाकार तथा कर्मचारीले आफ्नो पदमा बहाली गरेको दिनदेखि नेपाल सरकारको निजामती कर्मचारीले पाउने प्रचलित तलब सरह तलब भत्ता पाउनेछन् ।

(२) प्रज्ञा-प्रतिष्ठानको सेवामा बहाल रहेको कलाकार तथा कर्मचारीले पाकेको तलब-भत्ता महिना भुक्तानी भएपछि पाउनेछ ।

(३) कुनै कलाकार वा कर्मचारीले पकाएको तलब भत्ता निज जुनसुकै बेहोराबाट प्रज्ञा-प्रतिष्ठानको सेवामा नरहेमा पनि पाउनेछ ।

तर निजबाट प्रज्ञा-प्रतिष्ठानले कुनै रकम असुर उपर गर्नुपर्ने भएमा त्यस्तो रकम निजको तलब-भत्ताबाट असुल उपर गर्न यस उपनियमले बाधा पुर्‍याएको मानिनेछैन ।

(४) कुनै कलाकार वा कर्मचारीले नियमानुसार पाउने तलब-भत्ता निज काम गरिरहेको वा स्वीकृत बिदामा बसेको बखत रोकिनेछैन ।

(५) माथिल्लो तलबमानको कुनै पदमा बढुवा पाउने कुनै कलाकार वा कर्मचारीको साबिकको तबल-भत्ता बढुवा हुने पदको न्यूनतम तलब-भत्ताभन्दा बढी भएमा निजको बढुवा भएको पदको स्केलमा निजले खाईपाई आएको तलब-भत्ताभन्दा एक स्केल वृद्धि हुने गरी तोकिनेछ । निजको स्केलअनुसारको तलबवृद्धि सोही अङ्कबाट वृद्धि हुँदै जानेछ ।

## ५३. तलबवृद्धि

(१) टाइम स्केलअनुसार तलब पाउने पदमा नियुक्ति पाउने कलाकार तथा कर्मचारीले सामान्यतः स्केलमा लेखिएको न्यूनतम तलब पाउनेछ ।

(२) प्रत्येक कलाकार तथा कर्मचारीले एक वर्षको सेवा पूरा गरेपछि एउटा तलबवृद्धि पाउनेछ ।
तर करार वा सम्झौता अन्तर्गत नियुक्ति भएका कलाकार वा कर्मचारीको तलब वृद्धि सर्तनामामा लेखिए बमोजिम हुनेछ ।

(३) स्थायी कलाकार तथा कर्मचारीको कार्यक्षमता, प्रतिष्ठानप्रतिको आस्था, अनुशासन आदिको मुल्याङ्कन गरी नियुक्त गर्ने अधिकारीले बढीमा तीन ग्रेडसम्म तलबवृद्धि गर्न सक्नेछ । तर यस्तो तलब वृद्धि गर्दा त्यस्तो कर्मचारीले कम्तीमा सो पदमा ३ वर्ष काम गरेको हुनुपर्नेछ ।

## ५४. निलम्बन भएमा पाउने तलब

कुनै कलाकार वा कर्मचारी यस नियमावलीबमोजिम कारवाहीको सिलसिलामा निलम्बनमा परेमा सो निलम्बनको अवधिभर निजले आफ्नो तलबको आधा तलब मात्र पाउनेछ ।
तर लागेको अभियोग प्रमाणित नभई निजले सफाइ पाएमा निलम्बनमा रहेको अवधिमा आधा तलब लिइसकेको भए सो कट्टा गरी बाँकी रहेको र नलिएको भए पुरै तलब (तलबवृद्धि हुने भएमा सो समेत) पाउनेछ । कसुरदार ठहरी सेवाबाट हटाइएमा निलम्बन भएको मितिदेखि हटाइएको मितिसम्मको बाँकी तलब पाउनेछैन ।

## ५५. अतिरिक्त पारिश्रमिक

(१) बिदाको दिनमा कम्तीमा पूरा दिन ७ (सात) घण्टा काम गरेमा १ दिनको तलबबराबरको रकम दिइने छ । तर ७ घण्टाभन्दा कम २ घण्टाभन्दा बढी काम गरेमा तोकिएको खाना/खाजा खर्च बापतको रकम दिइने छ ।*

(२) कार्यालय खुलेको अरू दिनमा बिहान अथवा बेलुका २ घण्टाभन्दा बढी समय काम गर्न खटिन परेको खण्डमा अधिकृत एवं सहायक स्तरका कर्मचारीलाई प्राज्ञ-परिषद्वाट तोकिएको खाजा खर्च रकम उपलब्ध गराइनेछ ।

## ५६. दैनिक तथा भ्रमण भत्ता

प्रज्ञा-प्रतिष्ठानका कलाकार तथा कर्मचारीले प्रज्ञा-प्रतिष्ठानको कामको सिलसिलमा भ्रमण गर्नुपर्दा पाउने दैनिक तथा भ्रमणभत्ता नेपाल प्रज्ञा-प्रतिष्ठान आर्थिक प्रशासन सम्बन्धी नियमावलीमा तोकिएबमोजिम हुनेछ ।

## ५७. चाडपर्व खर्च

(१) प्रज्ञा-प्रतिष्ठानका कलाकार तथा कर्मचारीले आफ्नो धर्मसंस्कृति परम्पराअनुसार मनाइने चाडपर्वका लागि खाईपाई आएको एक महिनाको तलब बराबरको रकम प्रत्येक वर्ष चाडपर्व खर्चको रूपमा पाउनेछन् । यस्तो चाडपर्व खर्च त्यस्तो चाडपर्व हुनुभन्दा १५ दिन अघि पाउनेछन् ।
तर चाडपर्व बिदाभन्दा अघि कम्तीमा ६ महिनाको सेवाअवधि पुरा नभएको कलाकार वा कर्मचारीलाई पेस्कीको रूपमा चाडपर्व खर्च दिइनेछ । त्यस्तो कलाकार वा कर्मचारीले ६ महिनाको अवधि पुरा नगरी सेवाबाट अलग्ग भएमा सो रकम सम्बन्धित कलाकार वा कर्मचारीबाट असुर उपर गरिनेछ ।

(२) यस्तो रकम कर्मचारीले एक आर्थिक वर्षमा एक पटक आफ्नो धर्म, संस्कृति, परम्परा अनुसार मनाइने मुख्य चाड पर्वको अवसरमा भुक्तानी लिन सकिनेछ ।

## ५८. औषधिउपचार खर्च

(१) प्रज्ञा-प्रतिष्ठानको स्थायी कलाकार तथा कर्मचारीले सेवाअवधिभरमा देहायबमोजिम औषधि-उपचार खर्च पाउनेछ ।

(क) अधिकृत स्तरको कलाकार तथा कर्मचारीले १२ महिना बराबरको खाईपाई आएको तलब बराबरको रकम ।

(ख) सहायक स्तर प्रथम श्रेणी र सो सरहको कलाकार तथा कर्मचारीले १८ महिना बराबरको खाईपाई आएको तलबबराबरको रकम ।

(ग) सहायक स्तर द्वितिय श्रेणी र सो मुनिको कलाकार तथा कर्मचारी र श्रेणी विहीन कर्मचारीले २१ महिना बराबरको खाईपाई आएको तलब बराबरको रकम ।

(२) कुनै कलाकार र कर्मचारी वा निजको परिवारको सदस्य बिरामी भएमा उपनियम (१) बमोजिम पाउने रकममा नबढ्ने गरी स्वास्थ्य संस्थामा भर्ना हुँदा मान्यताप्राप्त चिकित्सकबाट उपचार गराउँदा लागेको बिलबमोजिम उपचार खर्च दिइनेछ ।

(३) आफ्नो घर वा जिल्ला छाडी अर्को जिल्ला वा विदेशमा गई उपचार गराउँदा उपनियम (१) बमोजिम पाउने रकममा नबढ्ने गरी त्यस्तो स्थानसम्म पुग्दाको र फर्कंदाको बिरामीको र कुरुवा चाहिने अवस्था भए एकजना

* ३१ औं प्राज्ञ सभाबाट संशोधित

कुरुवासम्मको यातायात खर्चको पुरै रकम र खानाखर्चबापत सम्बन्धित कलाकार वा कर्मचारीले पाउने दैनिक भत्ताको पचहत्तर प्रतिशत रकम दिइनेछ ।

(४) यस नियमबमोजिम पाउने उपचारखर्च कुनै कलाकार वा कर्मचारीले पेस्कीको रूपमा लिन चाहेको मनासिब कारण भएमा यस नियमको अधीनमा रही पछि हिसाब बुझाउने गरी एकमुस्ट खर्च पेसकीको रूपमा लिन सक्नेछ ।

तर त्यसरी पेस्कीको रूपमा लिएको रकम पछि हिसाब गर्दा उपचार खर्च बापत पाउने रकमभन्दा बढी हुन आएमा बढी भएजति रकम सम्बन्धित कलाकार वा कर्मचारीको तलबबाट कट्टा गरी असुर उपर गरिनेछ। त्यसरी कट्टा गर्नुपर्ने रकम भुक्तानी नहुँदै सम्बन्धित कलाकार वा कर्मचारी वा निजको परिवारको सदस्यको मृत्यु भएमा असुल उपर गर्न बाँकी रहेको रकम मिन्हा हुनेछ ।

(५) कुनै कलाकार वा कर्मचारी बिरामी भएको औषधि उपचार खर्च दिँदा २० वर्षको अवधिलाई सेवाको पूरा अवधि मानी त्यसको अनुपातमा निजले गरेको सेवाअवधिको हिसाब गरी यस नियमबमोजिम दामासाहीले औषधि उपचार खर्च दिइने छ । ♥

(६) यस नियमबमोजिम कुनै कलाकार वा कर्मचारीले सेवाअवधिभर पाउने औषधि-उपचार खर्चमध्ये केही लिई वा नलिई उपचार-खर्च लिन बाँकी रहेको भए निज भविष्यमा प्रज्ञा-प्रतिष्ठानको सेवाको निमित्त अयोग्य ठहर्ने गरी सेवाबाट बर्खास्त गरिएको अवस्थामा बाहेक अन्य जुनसुकै बेहोराबाट सेवाबाट अलग्ग भएमा त्यस्तो बाँकी औषधि उपचार खर्च बापतको रकम निजले एकमुष्ट पाउनेछ ।

(७) निवृत्तिभरण पाउने गरी सेवाबाट अलग भएको कलाकार वा कर्मचारीले उपनियम (६) बमोजिमको उपचार खर्चवापत लिन बाँकी रकममा बिस वर्ष, सोभन्दा माथि पच्चिस वर्षसम्म र पच्चिस वर्षभन्दा माथि सेवाअवधि भएको कलाकार वा कर्मचारीले क्रमशः दश, पन्ध्र र बिस प्रतिशत थप गरी हुन आउने रकम एकमुस्ट पाउने छन् ।*

(८) २० वर्ष सेवाअवधि नपुगेको कुनै कर्मचारीलाई औषधि उपचार खर्च दिँदा यस नियममा तोकिएको रकमलाई २० वर्ष सेवा गरेबापत पाउने रकम मानी सोको अनुपातमा हुन आउने रकम मात्र दिइने छ ।*

## ५९. काज किरिया खर्च

प्रज्ञा-प्रतिष्ठानका सेवामा बहाल रहेको अवस्थामा कुनै स्थायी कलाकार वा कर्मचारीको मृत्यु हुन गएमा निजको काजकिरियाबापत सहयोग गर्नुपर्ने देखिएमा प्राज्ञ-परिषद्ले निजको दुई महिना बराबरको तलब रकम उपलब्ध गराउनु पर्नेछ ।

## ६०. बीमासम्बन्धी व्यवस्था

प्रज्ञा-प्रतिष्ठानका सम्पूर्ण कलाकार एवं कर्मचारीलाई प्रतिष्ठानको तर्फबाट आर्थिक सुरक्षा एवं कल्याणको उद्देश्य राखी एउटा कोषको स्थापना गरिनेछ । उक्त कोषबाट आर्थिक प्रशासन सम्बन्धी नियमावलीमा उल्लेख भए बमोजिम बीमा रकम प्राप्त गर्न सक्नेछन् ।

## ६१. अशक्तवृत्ति एवम् आर्थिक सहयोग

प्रज्ञा-प्रतिष्ठानको सेवामा रहेको कुनै कलाकार वा कर्मचारी प्रज्ञा-प्रतिष्ठानको कामको सिलसिलामा दुर्घटनामा परी अङ्गभङ्ग भएमा वा चोटपटक लागेमा देहाय बमोजिम अशक्त वा आर्थिक सहयोग दिन सकिनेछ ।

(क) दुर्घटना परी शारीरिक वा मानसिक रूपमा सेवाको लागि अशक्त भएमा प्राज्ञ-परिषद्ले तोकेबमोजिमको अशक्त वृत्तिको रकम निज बाँचुन्जेल पाउनेछ ।

(ख) चोटपटक लागि सेवाबाट अवकाश लिनुपर्ने नभए तापनि सो चोटपटकका कारणबाट निजको क्षमतावृद्धिलाई असर पर्ने भएमा त्यस्तो चोटपटकको अवस्थाको विचार गरी आर्थिक सहायता एवं आवश्यकता अनुसार कुनै पनि सञ्चित बिदाबाट कट्टा नहुने गरी पुरा तलबसहितको थप बिरामी बिदा प्राज्ञ-परिषद्ले दिन सक्नेछ ।

## ६२. विषेश भत्ता तथा अन्य सुविधासम्बन्धी व्यवस्था

(क) प्रतिष्ठानमा कार्यरत कलाकार र कर्मचारीलाई यातायात, घरभाडा आदि बापत मासिक रूपमा रु. दुई हजार रुपैयाँ विशेष भत्ता प्रदान गरिने छ र यो नियम लागु भएपछि हाल प्रचलनमा रहेको दैनिक खाजाखर्च सोही विशेष भत्तामा संमायोजन हुने छ । प्रज्ञा-प्रतिष्ठानको आय-आर्जनमा हुने वृद्धिलाई मध्यनजर राखी प्राज्ञ परिषद्ले यस्तो विशेष भत्तामा यथोचित वृद्धि पनि गर्न सक्ने छ ।*

---

♥ ३२ औं प्राज्ञ सभाबाट संशोधित

* ३१ औं प्राज्ञ सभाबाट संशोधित

(ख) नेपाल प्रज्ञा-प्रतिष्ठानमा कार्यरत रा.प. प्रथम श्रेणी वा सो सरहका कर्मचारीहरुले मासिक रूपमा तोकिएबमोजिमको टेलीफोन खर्च, इन्धन तथा सवारी साधन प्रयोग सम्बन्धी सुविधाहरु पाउने छन् ।*

**६३. निवृत्तिभरण कोष परिचालन सम्बन्धी व्यवस्था**

प्रतिष्ठानले निवृत्तिभरण कोष रकमलाई आवश्यक कार्यविधि बनाई प्रतिष्ठानको स्थायी सेवामा कार्यरत कर्मचारीलाई घर सापटी, सवारी साधन खरिद लगायत अन्य हायर पर्चेज सापटीसम्बन्धी योजना सञ्चालन गर्न सक्नेछ ।

*परिच्छेद - ९*

## सापटी र पेस्की

**६४. सापटी र पेस्की पाउन सक्ने**

(१) प्रज्ञा-प्रतिष्ठानका स्थायी कलाकार तथा कर्मचारीले प्राज्ञ-परिषद्ले तोकेबमोजिम घर सापटी तथा अन्य पेस्कीको सुविधा पाउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम दिइने घरसापटी तथा पेस्कीको व्यवस्था गर्दा प्राज्ञ-परिषद्ले विनियम बनाई लागू गर्नेछ ।

(३) कलाकार तथा कर्मचारीलाई सपटी तथा पेस्की सचिवको स्वीकृतिले दिइनेछ ।

*परिच्छेद १०*

## अवकाश, उपदान र निवृत्तिभरण

**६५. अनिवार्य अवकाश**

(१) प्रज्ञा-प्रतिष्ठानको कुनै कलाकार तथा कर्मचारीको उमेर अन्ठाउन्न वर्ष पूरा भएपछि निजलाई प्रज्ञा-प्रतिष्ठानको सेवाबाट अवकाश दिइनेछ ।

(२) यस नियमको प्रयोजनको लागि कलाकार वा कर्मचारीको उमेर देहायबमोजिम गणना गरिनेछ :

(क) सेवामा प्रवेश गरेको बेलामा निजले पेस गरेको शिक्षणसंस्थाको प्रमाणपत्र किटिएको जन्मदिन वा वर्षबाट हुन आएको उमेर,

(ख) खण्ड (क) बमोजिमको अभिलेख नभएमा निजले नोकरीमा प्रवेश गरेको बेलामा नोकरी विवरण (सिटरोल) मा लेखिएको जन्मदिन वा वर्षबाट हुन आएको उमेर ।

**६६. स्वेच्छिक अवकाश**

(१) २० वर्षसम्म स्थायी सेवा अवधि पुरा गरेका र ५० वर्ष उमेर पुरा गरिसकेका प्रतिष्ठानका कलाकार वा कर्मचारीलाई प्रतिष्ठानले सूचना गरी तोकेको समयभित्र उल्लेखित सर्तमा स्वेच्छिक अवकाश लिन चाहेमा स्वेच्छिक अवकाश लिन सक्नेछन् ।

(२) उपनियम (१) बमोजिम स्वेच्छिक अवकाश लिने कलाकार वा कर्मचारीलाई प्रज्ञा-प्रतिष्ठानको वित्तीय अवस्थालाई विचार गरी प्राज्ञ-परिषद्ले बढीमा ७ वर्षसम्मको निवृत्तिभरणको रकम एकमुष्ट पेश्कीको रूपमा दिन सक्नेछ । यसरी एकमुस्ट निवृत्तिभरण पाएको पेस्की रकमको अवधि भुक्तान भएपछि मात्र निजलाई नियमित रूपले पाउने निवृत्तिभरण दिइनेछ ।

**६७. अवकाश दिन सक्ने**

प्रज्ञा-प्रतिष्ठानको सेवामा बीस वर्ष स्थायी सेवावधि पुगेको कलाकार वा कर्मचारीलाई प्राज्ञ-परिषद्ले देहायको कुनै आधारमा सेवाबाट अवकाश दिन सक्नेछ ।

(क) कुनै कलाकार वा कर्मचारीले आफ्नो जिम्मामा रहेको वा आफुले प्राप्त गरेको प्रज्ञा-प्रतिष्ठानसम्बन्धी गोप्य कागजात वा लिखत वा जानकारी कुनै अनधिकृत व्यक्ति वा निकायलाई दिएमा वा दिने प्रयास गरेमा,

(ख) कुनै कलाकार वा कर्मचारीले प्रज्ञा-प्रतिष्ठान वा राष्ट्रिय हितको विपरीत कुन विदेशी राष्ट्र वा संस्था वा नागरिकसँग अवाञ्छित सम्पर्क कायम गरी आफ्नो ओहोदाको मर्यादा विपरीत गैर जिम्मेवारीपूर्ण व्यवहार गरेमा,

(ग) कुनै कलाकार वा कर्मचारी शारीरिक वा मानसिक अशक्तताको कारण कार्य सम्पादन गर्न अक्षम भएमा,

(घ) कुनै कलाकार वा कर्मचारीलाई सेवामा राखिरहँदा कार्यालयको काम गर्ने वातावरणमा अवाञ्छित वा प्रतिकूल असर पर्न सक्ने देखिएमा ।

## ६८. उपदान

(१) पाँच वर्ष वा सोभन्दा बढी स्थायी सेवा गरेको तर निवृत्तिभरण पाउने अवधि नपुगेको कलाकार वा कर्मचारीले अवकाश पाएमा वा राजीनामा स्वीकृत गराई सेवाबाट अलग्ग भएमा वा भविष्यमा प्रज्ञा-प्रतिष्ठानको सेवाको निमित्त अयोग्य नठहर्ने गरी सेवाबाट हटाइएमा देहायका दरले उपदान पाउनेछन् ।

(क) पाँच वर्षदेखि दश वर्षसम्म सेवा गरेको कलाकार वा कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको निम्ति आखिरी आधा महिनाको तलब,

(ख) दश वर्षभन्दा बढी पन्ध्र वर्षसम्म सेवा गरेको कलाकार वा कर्मचारीले आफुले काम गरेको प्रत्येक वर्षको निम्ति आखिरी एक महिनाको तलब,

(ग) पन्ध्र वर्षभन्दा बढी बीस वर्षसम्म भन्दा कम सेवा गरेको कलाकार वा कर्मचारीले आफुले काम गरेको प्रत्येक वर्षको निम्ति आखिरी डेढ महिनाको तलब,

तर उपनियम (१) को खण्ड (क), (ख) वा (ग) अनुसार पाउने उपदानको रकम निज अवकाश लिंदाको अवस्थामा कार्यरत विशिष्ट श्रेणीको प्रचलित तलब स्केलको सुरु तलब अङ्कको हिसाबले हुने क्रमशः ६ महिना, १२ महिना र १८ महिनाको तलबभन्दा बढी हुनेछैन ।

(२) प्रज्ञा-प्रतिष्ठानलाई कुनै शाखा वा पद नै नचाहिने भई खारेजीमा परेको कम्तीमा ३ वर्ष स्थायी नोकरी पूरा गरिसकेको कुनै कलाकार वा कर्मचारीलाई निजले गरेको सेवाअवधिमा ५ वर्ष थपेमा निवृत्तिभरण पाउने अवधि पुग्दैन भने त्यस्तो कलाकार वा कर्मचारीको सेवाअवधिमा ५ वर्ष थप गरी हुन आउने अवधिको हिसाबले नियमबमोजिम उपदान दिइनेछ । तर यस्तो उपदान लिन नचाहने कलाकार तथा कर्मचारीको हकमा समान पदमा अन्य शाखामा प्राज्ञ परिषद्को निर्णय अनुसार पद मिलान गर्न सकिने छ ।

(३) उपनियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रज्ञा-प्रतिष्ठानको सेवा पाउने वा सो सेवामा बहाल रहने उद्देश्यले शिक्षासम्बन्धी कुनै योग्यता, तीनपुस्ते, नाम,थर, वतन, उमेर वा नागरिकता ढाँटेको प्रमाणित हुन आएमा त्यस्तो कलाकार वा कर्मचारीलाई यस नियमबमोजिम उपदान दिइनेछैन ।

## ६९. निवृत्तिभरण

(१) बीस वर्ष वा सोभन्दा बढी समयसम्म प्रज्ञा-प्रतिष्ठानको सेवा गरेको कलाकार वा कर्मचारीले अवकाश प्राप्त गरेको मितिदेखि देहाय बमोजिम निवृत्तिभरण पाउनेछ ।

$$\frac{\text{जम्मा सेवावर्ष x आखिरी तलबको रकम}}{\text{५०}}$$

तर,

(क) भविष्यमा प्रज्ञा-प्रतिष्ठानको सेवाको निम्ति अयोग्य ठहर्ने गरी सेवाबाट बर्खास्त गरिएको कलाकार वा कर्मचारीले यस नियमबमोजिम निवृत्तिभरण पाउनेछैन ।

(ख) प्रज्ञा-प्रतिष्ठानको सेवा पाउने वा सो सेवामा बहाल रहने उद्देश्यले शिक्षासम्बन्धी कुनै योग्यता, तीनपुस्ते, नाम,थर, वतन उमेर वा नागरिकता ढाँटेको प्रमाणित हुन आएमा त्यस्तो कलाकारलाई यस नियमबमोजिम निवृत्तिभरण दिइनेछैन ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि निवृत्तिभरणको मासिक रकम सम्बन्धित कलाकार वा कर्मचारीले खाईपाई आएको मासिक तलबको आधा रकमभन्दा कम हुनेछैन ।

(३) उपनियम (१) मा जुनसुकै लेखिएको भए तापनि प्रज्ञा-प्रतिष्ठानलाई कुनै शाखा वा पद नै नचाहिने भई खारेजीमा परेको वा शारीरिक वा मानसिक अस्वस्थताको कारणले प्रज्ञा-प्रतिष्ठानको सेवा गर्न असमर्थ भएको कुनै कलाकार वा कर्मचारीको सेवाको जम्मा अवधिको पाँच वर्षसम्म थप्दा निवृत्तिभरण पाउन सक्ने रहेछ भने निवृत्तिभरण पाउने अवधि पुऱ्याउन त्यस्तो कलाकार वा कर्मचारीको सेवावधिमा बढीमा पाँच वर्षसम्म थपिनेछ ।

(४) प्रज्ञा-प्रतिष्ठानको कुनै पदमा अघि गरेको सेवाबापत निवृत्तिभरण पाइरहेको व्यक्ति पछि प्रज्ञा-प्रतिष्ठानको कलाकार वा कर्मचारी पदमा नियुक्त भएमा निजले पछि गरेको सेवाबापत यस नियमबमोजिम निवृत्तिभरण पाउनेछैन ।

(५) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि सेवा प्रवेशको लागि अधिकतम उमेर ४० वर्ष तोकिएको वर्ग र पदमा नियुक्त भएका कर्मचारीहरूलाई उमेरको कारणबाट अनिवार्य अवकाश हुँदा निजको सेवा अवधि निवृत्तिभरण पाउन सक्ने अवस्था रहेनछ भने त्यस्ता कर्मचारीलाई बढीमा २ वर्ष सम्म सेवा अवधि थप गरी निवृत्तिभरत प्रदान गर्न सकिनेछ ।

## ७०. निवृत्तिभरणमा वृद्धि

बहालवाला कलाकार कर्मचारीको तलब वृद्धि हुँदा तलब स्केलको सुरु अङ्क जति प्रतिशतले वृद्धि भएको छ त्यसको दुई तिहाई रकम समान पदका निवृत्ति भरण पाइरहेका कलाकार वा कर्मचारीको निवृत्ति भरणको रकममा वृद्धि हुने छ ।

निवृत्ति भरण पाएको व्यक्तिको उमेर ७५ वर्ष पुगेपछि निजले खाईपाई आएको रकममा थप १० प्रतिशत र ८५ वर्ष पुगेपछि पुनः थप १० प्रतिशत उपचार बापत निवृत्ति भरण रकममा थप गरी प्रदान गरिने छ।*

## ७१. पारिवारिक निवृत्तिभरण र उपदान

(१) प्रज्ञा-प्रतिष्ठानको सेवाको कुनै कलाकार वा कर्मचारीको सेवामा छँदै वा निवृत्तिभरण पाउन थालेको सात वर्ष नपुग्दै मृत्यु भएमा निजको परिवारलाई वा निजको नाबालक भाइ वा अविवाहिता दिदी, बहिनीलाई नियम ६४ र ६५ मा लेखिएबमोजिम उपदान वा निवृत्तिभरण प्राप्त हुनेछ।
तर निवृत्तिभरणको हकमा त्यस्तो निवृत्तिभरण सात वर्षभन्दा बढी समय प्राप्त हुनेछैन। निवृत्तिभरण पाउन थालेको सात वर्ष नपुग्दैमा मृत्यु भएको कलाकार वा कर्मचारीको परिवारलाई सात वर्ष पुगेपछि निवृत्तिभरण प्राप्त हुनेछैन।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि निवृत्तिभरण पाउने व्यक्ति नाबालक रहेछ भने निज बालिग नभएसम्म त्यस्तो निवृत्तिभरण पाउनेछ।

(३) प्रज्ञा-प्रतिष्ठानको कलाकार वा कर्मचारीको विधुर पति वा विधवा पत्नीले निजको पति वा पत्नी सेवामा छँदै वा निवृत्तिभरण पाउन थालेको सात वर्ष नपुग्दै मृत्यु भएमा उपनियम (१) बमोजिम पारिवारिक निवृत्तिभरण पाउने भएमा सो निवृत्तिभरण पाउने अवधि भुक्तान भएको मितिदेखि त्यस्तो निवृत्तिभरण नपाउने भएमा वा निजको पति वा पत्नीले निवृत्तिभरण पाउन थालेको सात वर्ष व्यतीत भइसकेपछि मृत्यु भएकोमा निज कलाकार वा कर्मचारीको मृत्यु भएको मितिदेखि निजले पाउने निवृत्तिभरणको आधा रकम जीवनभर पाउनेछ। तर, त्यस्तो निवृत्तिभरण पाउने विधुर पति वा पत्नीले पुनः वैवाहिक सम्बन्ध कायम गरेमा सो मितिबाट यो सुविधा पाउनेछैन।

(४) बहालवाला कलाकार वा कर्मचारीको तलबको वृद्धि हुँदा तलबस्केलको सुरु अङ्कमा जति प्रतिशतले वृद्धि भएको छ, त्यसको दुईतिहाई रकम उपनियम (१), (२) र (३) अनुसार पारिवारिक निवृत्तिभरण पाइरहेको व्यक्तिले खाईपाई आएको पारिवारिक निवृत्तिभरण रकममा पनि थप गरिनेछ।

(५) उपदान वा निवृत्तिभरण दिँदा मृत कलाकार वा कर्मचारीले आफ्नो परिवारको सदस्यमध्येमा वा आफ्नो नाबालक भाइ वा अविवाहिता दिदी, बहिनी कसैलाई इच्छाएको रहेछ भने सो व्यक्तिलाई र कुनै कारणले सो व्यक्तिले पाउन नसक्ने अवस्था भएमा वा कसैलाई पनि इच्छाएको रहेनछ भने सो कलाकार वा कर्मचारीको सदस्यमध्ये प्राज्ञ-परिषद्ले उचित ठहऱ्याएको कानुनी हकवालालाई दिइनेछ।

## ७२. निवृत्तिभरणसम्बन्धी कार्यविधि

(१) उमेर वा सेवा अवधिको कारणबाट अनिवार्य अवकाश पाउने कलाकार वा कर्मचारीले अवकाश हुने मितिभन्दा ६ महिना अगावै प्राज्ञ-परिषद्द्वारा तोकेको फाराम भरी आफू बहाल रहेको निकाय वा विभागमार्फत सचिवसमक्ष पठाउनुपर्नेछ।

(२) उपनियम (१) बमोजिमको फाराम भर्न नपाउँदै कुनै कलाकार वा कर्मचारीको मृत्यु भएमा त्यस्तो मृत कलाकार वा कर्मचारीले इच्छाएको व्यक्तिले र कसैलाई नइच्छाएको भए निजको परिवारको सदस्यमध्ये देहायको क्रमानुसार जो जीवित छ उसले सचिवसमक्ष ६ महिना भित्र फाराम भरी पठाउनुपर्नेछ।

(क) सगोलको पति वा पत्नी
(ख) सगोलको छोरा वा धर्मपुत्र
(ग) सगोलको अविवाहिता छोरी वा धर्मपुत्री
(घ) सगोलको बाबु-आमा
(ङ) आफैंले पालन-पोषण गर्नुपर्ने पुरुष कर्मचारीको हकमा बाजे, बज्यै र महिला कर्मचारीका हकमा सासु, ससुरा र छोरापट्टिको नाति,
(च) भिन्न बसेको पति वा पत्नी
(छ) भिन्न बसेको छोरा
(ज) भिन्न बसेको अविवाहित छोरी, बाबु र आमा
(झ) सगोलको दाजु, भाई, विधवा छोराबुहारी र छोरापट्टिको नाति, अविवाहिता नातिनी
(ञ) सगोलको अविवाहिता दिदी, बहिनी
(ट) सगोलको भतिजा, भतिजी, सौतेनी आमा, भिन्न बसेको छोरापट्टिको अविवाहिता नातिनी,
(ठ) सगोलको काका, विधवा काकी, भाउज्यू, भाईबुहारी, नातिनीबुहारी,
(ड) भिन्न बसेको दाजु, भाइ
(ढ) विवाीहता दिदी, बहिनी, भिन्न बसेको बाजे, बज्यै विधवा छोराबुहारी, नातिनीबुहारी, भतिजा।

---
* ३१ औं प्राज्ञ सभाबाट संशोधित

स्पष्टीकरण : यसै क्रममा एकभन्दा बढी नातेदारहरू तोकिएको भए सो क्रममा तोकिएको सबै नातेदारहरूले बराबर हिस्सामा मृत कलाकार वा कर्मचारीको निवृत्तिभरण पाउन सक्नेछन् ।

*परिच्छेद - ११*

## आचरण

**७३. समय-पालन र नियमितता**

(१) प्रज्ञा-प्रतिष्ठानको कलाकार एवं कर्मचारीले प्रज्ञा-प्रतिष्ठानबाट तोकिएको समयमा नियमित रूपले आफु कार्यरत निकाय वा विभागमा हाजिर हुनुपर्दछ र यस नियमको अधीनमा रही तोकिएको बिदाको लागि तोकिएबमोजिम स्वीकृति नलिई कामबाट अनुपस्थित हुन हुँदैन ।

**७४. अनुशासन र आज्ञापालन**

(१) प्रज्ञा-प्रतिष्ठानको कलाकार र कर्मचारीले अनुशासनमा रही आफ्नो कर्तव्य इमानदारी र तत्परताका साथ पालन गर्नुपर्दछ ।

(२) कलाकार एवं कर्मचारीले आफ्नो कार्यालयसम्बन्धी काममा आफूभन्दा माथिको अधिकृतले दिएको आज्ञा शीघ्रता र परिश्रमसाथ पूरा गर्नुपर्दछ ।

(३) कलाकार एवं कर्मचारीले आफुभन्दा माथिका सबै पदाधिकारी, कलाकार वा कर्मचारीहरूप्रति उचित आदर देखाउनुपर्नेछ र आफूमुनिका कर्मचारीमाथि प्रभाव पार्नु वा प्रभाव पार्ने प्रयत्न गर्नु हुँदैन ।

**७५. राजनैतिक वा अवाञ्छनीय प्रभाव पार्न नहुने**

प्रज्ञा-प्रतिष्ठानको कलाकार एवं कर्मचारीले आफ्नो सेवा सम्बन्धी कुरामा मतलब साध्य गर्ने मनसायले अन्य कर्मचारीमाथि कुनै राजनीतिक वा अवाञ्छनीय प्रभाव पार्ने वा प्रभाव पार्ने प्रयत्न गर्नुहुँदैन ।

**७६. राजनीतिमा भाग लिन नहुने**

(१) प्रतिष्ठानका कर्मचारीले राजनीतिमा भाग लिन हुँदैन ।
तर प्रचलित कानुन बमोजिम आफूले पाएको मतदानको अधिकार प्रयोग गर्न यस नियममा लेखिएको कुराले कुनै किसिमको बाधा पर्नेछैन ।

**७७. अन्य स्थानमा काम गर्नु नहुने**

(१) कलाकार एवं कर्मचारीले प्रज्ञा-प्रतिष्ठानसम्बन्धी काम बाहेक प्राज्ञ-परिषद् वा तोकिएको अधिकारीको पूर्व स्वीकृतिबेगर अन्य कुनै प्रकारको रोजगारी तथा व्यापार व्यवसाय गर्नु हुँदैन ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कलाकार वा कर्मचारीले प्रज्ञा -प्रतिष्ठानको नीति विपरीत नहुने गरी साहित्यिक, साङ्गीतिक आदि सिर्जनामूलक कलात्मक कार्य गर्न सक्नेछ ।

**७८. दान, उपहार, चन्दा आदि प्राप्त गर्न नहुने**

कलाकार एवं कर्मचारीले प्रज्ञा-प्रतिष्ठानको कामको सिलसिलामा नियमानुसार पाउने पारिश्रमिक तथा भत्ता बाहेक प्राज्ञ-परिषद्को पूर्व स्वीकृतिबिना आफुले वा आफ्नो परिवारको कुनै सदस्यबाट कसैबाट कुनै प्रकारको दान, दातव्य, उपहार, कोसेली स्वीकार गर्न चन्दा माग्नु हुँदैन ।

**७९. कामकाजसम्बन्धी समाचार-प्रकाशन गर्नमा प्रतिबन्ध**

कुनै पनि कलाकार एवं कर्मचारीले आफ्नो कर्तव्यपालना गर्दा जानकारीमा आएको कुनै गोप्य वा कानुनद्वारा निषिद्ध विषय वा आफूले लेखेको वा सङ्कलन गरेको कुनै कागजपत्र प्रत्यक्ष वा अप्रत्यक्ष रूपमबाट अरू अनधिकृत व्यक्ति वा प्रेसलाई दिनु वा बताउनु हुँदैन ।

**८०. प्रदर्शन र हडताल गर्न प्रतिबन्ध**

(१) प्रज्ञा-प्रतिष्ठानका कलाकार एवं कर्मचारीले नेपाल राज्यको सार्वभौम सत्ता, अखण्डता, शान्ति-सुरक्षा, वैदेशिक सम्बन्ध, सार्वजनिक मर्यादा आदि अदालतको निर्णयको अवहेलना गर्नु, कुनै अपराधलाई प्रश्रय हुने गरी प्रदर्शन गर्नु र हड्तालमा भाग लिनु वा सो कार्य गर्ने उद्देश्यले अरूलाई उक्साउनु समेत हुँदैन ।

(२) प्रज्ञा-प्रतिष्ठानका कलाकार एवं कर्मचारी, कार्यालय वा अधिकृतलाई नियम-कानुनद्वारा निर्धारित कर्तव्य पुरा गर्नमा बाधा-विरोध हुने गरी हड्ताल, कलमबन्द, थुनछेक वा घेराउ गर्नु वा शारीरिक वा मानसिक उत्पीडनबाट दबाब दिनु वा सो गर्ने उद्देश्यले अरूलाई उक्साउनु समेत हुँदैन ।

**८१. प्रतिनिधित्व गर्नमा प्रतिबन्ध**

प्रज्ञा-प्रतिष्ठानका कलाकार एवं कर्मचारीले आफूलाई मर्का परेको विषयमा आफैले वा वारेसद्वारा सम्बद्ध निकाय वा अधिकारीसमक्ष निवेदन दिनु बाहेक अरू व्यक्ति वा समूहको तर्फबाट प्रतिनिधित्व गर्नु हुँदैन ।

तर, प्राज्ञ-परिषद्द्वारा मान्यता प्राप्त कलाकार वा कर्मचारी सङ्घको तर्फबाट गरिने प्रतिनिधित्व र कलाकार वा कर्मचारीको पदीय दायित्वको आधारमा गर्नुपर्ने कुनै कार्य गर्नमा यस नियमले कुनै किसिमको बाधा पुऱ्याएको मानिनेछैन ।

**८२. हानि-नोक्सानी गर्नु नहुने**

प्रज्ञा-प्रतिष्ठानका कलाकार एवं कर्मचारीले प्रज्ञा-प्रतिष्ठानको कुनै सम्पत्तिको हानि नोक्सानी गर्नु हुँदैन ।

**८३. आफ्नो सेवा र पदअनुसार आचरणको पालन गर्नुपर्ने**

प्रज्ञा-प्रतिष्ठानका कलाकार एवं कर्मचारीले आफ्नो सेवा र पदअनुकूल आचरणको पालन गर्नुपर्नेछ ।

**८४. ऐन-कानुनको पालन गर्नुपर्ने**

(क) प्रज्ञा-प्रतिष्ठानका कलाकार एवं कर्मचारीले प्रज्ञा-प्रतिष्ठानसँग सम्बन्धित ऐन-नियमहरूको पालना गर्नु पर्नेछ ।

(ख) **सम्पत्ति विवरण पेस गर्नु पर्ने**

हरेक कलाकार कर्मचारीले आर्थिक वर्ष समाप्त भएको साठी दिनभित्र कार्यालयमा सम्पत्ति विवरण बुझाउनु पर्ने छ । नयाँ नियुक्ति हुने कर्मचारीले भने नियुक्ति भएको साठी दिनभित्र सो विवरण पेस गर्नु पर्ने छ ।♣

**८५. प्रज्ञा-प्रतिष्ठानको आलोचना गर्न नहुने**

प्रज्ञा-प्रतिष्ठानका कलाकार एवं कर्मचारीले प्रज्ञा-प्रतिष्ठानको नीतिविपरीत हुने गरी आफ्नो वास्तविक वा काल्पनिक नामबाट वा बेनामी तवरबाट कुनै लेख प्रकाशित गर्नु वा रेडियो, टेलिभिजन आदिद्वारा वक्तव्य प्रसारित गर्नु वा सार्वजनिक भाषण दिनु हुँदैन ।

**८६. ट्रेड युनियन सम्बन्धी व्यवस्था**

(१) अधिकृत तृतीय श्रेणी वा सोभन्दा मुनिका कर्मचारीले आफ्नो पेसागत हकहितका लागि एउटा आधिकारिक ट्रेड युनियन गठन गरी सदस्यता लिन सक्ने छन् । ट्रेड युनियनको दर्ता प्रक्रिया, निर्वाचन प्रक्रिया, प्राप्त गर्ने पदहरूको व्यवस्थाबारे प्रतिष्ठानका कर्मचारीका प्रतिनिधिहरूसँग परामर्श गरी निजामती सेवाको व्यवस्थालाई आधार मानी प्रज्ञा-प्रतिष्ठानले कार्यविधि बनाई निर्धारण गरे बमोजिम हुने छ । ♥

(२) ट्रेड युनियनको दर्ता श्रम तथा रोजगार प्रवर्द्धन विभागमा हुनेछ ।

(३) प्रज्ञा-प्रतिष्ठानको कलाकार वा कर्मचारीले आफ्नो पेसागत हकहितसँग सम्बन्धित ट्रेड युनियन र अन्य सामाजिक संस्था (जस्तै : भाषा, साहित्य, संस्कृतिसम्बन्धी वा मेडिकल एसोसियसन, इन्जिनियरिङ्ग एसोसिएसन आदि) को सदस्य बन्न यस नियममा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिनेछैन ।

(४) यस नियम बमोजिम गठित ट्रेड युनियनले प्रचलित ट्रेड युनियनसम्बन्धी कानुनले प्रदान गरेको सुविधा प्राप्त गर्न सक्ने छन् ।

## *परिच्छेद १२*

## सेवाको सुरक्षा

**८७. कलाकार वा कर्मचारीको सेवाको सुरक्षा**

देहायका अवस्थामा बाहेक अन्य कुनै पनि अवस्थामा प्रज्ञा-प्रतिष्ठानको कलाकार एवं कर्मचारीलाई मनासिब माफिकको सफाइको मौका नदिई प्रज्ञा-प्रतिष्ठानको सेवाबाट हटाइने वा बर्खास्त गरिने छैन ।

(क) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरेको,

(ख) भागी पत्ता नलागको वा अरू कुनै कारणले सम्पर्क स्थापित गर्न सम्भव नभएको पर्याप्त आधार भएको ।

**८८. सेवा-सर्तको सुरक्षा**

प्रज्ञा-प्रतिष्ठानको कुनै पनि कलाकार तथा कर्मचारीलाई निजको नियुक्ति हुँदा तत्काल लागु रहेको तलब, उपदान, निवृत्तिभरण र अन्य सुविधासम्बन्धी सेवाका सर्तहरूमा निजलाई प्रतिकूल असर पर्ने गरी परिवर्तन गरिनेछैन ।

---

♣ ३२ औँ प्राज्ञ सभाद्वारा अधिकार प्रत्यायोजन गरिए अनुसार प्राज्ञ परिषद्को ५१ औँ बैठकबाट संशोधित

♥ ३२ औँ प्राज्ञ सभाबाट संशोधित

*परिच्छेद १३*

# सजाय र पुनरावेदन

**८९. सजाय**

उचित र पर्याप्त कारण भएमा प्रज्ञा-प्रतिष्ठानका कलाकार तथा कर्मचारीलाई देहायबमोजिम सामान्य वा विशेष सजाय गर्न सकिनेछ :

(क) सामान्य सजाय

(१) नसिहत दिने,

(२) बढीमा दुई पटकसम्म तलबवृद्धि रोक्का गर्ने,

(३) बढीमा दुई वर्षसम्म बढुवा रोक्का गर्ने,

(४) तल्लो पोस्ट वा तल्लो स्केलमा घटुवा गर्ने ।

(ख) विशेष सजाय

(१) भविष्यमा प्रज्ञा-प्रतिष्ठानको सेवाको निमित्त अयोग्य नठहर्ने गरी सेवाबाट हटाउने ।

(२) भविष्यमा प्रज्ञा-प्रतिष्ठानको सेवाको निमित्त अयोग्य ठहर्ने गरी सेवाबाट बर्खास्त गर्ने ।

**९०. नसिहत दिने वा तलबवृद्धि वा बढुवा रोक्ने**

देहायको कुनै अवस्थामा प्रज्ञा-प्रतिष्ठानको कलाकार तथा कर्मचारीलाई नसिहत दिन वा निजको तलबवृद्धि वा बढुवा रोक्का गर्न सकिनेछ ।

(क) काम सन्तोषजनक नभएमा,

(ख) प्रज्ञा-प्रतिष्ठानको सरुवा गरिएको विभाग वा निकायमा म्यादभित्र हाजिर नभएमा,

(ग) पूर्व स्वीकृति नलिई बराबर कार्यालयमा अनुपस्थित रहेमा,

(घ) अनुशासनहीन काम गरेमा,

(ङ) आचरणसम्बन्धी नियम उल्लङ्घन गरेमा,

(च) नियम १०० बमोजिम बुझ बुझारथ नगरेमा ।

**९१. सेवाबाट हटाउने वा बर्खास्त गर्ने**

(१) देहायको कुनै अवस्थामा प्रज्ञा-प्रतिष्ठानको कलाकार तथा कर्मचारीलाई भविष्यमा प्रज्ञा-प्रतिष्ठानको सेवाको निम्ति अयोग्य नठहर्ने गरी सेवाबाट हटाउन सकिनेछ :

(क) कार्यक्षमताको अभावमा आफ्नो पदको काम वा जिम्मेवारी पूरा गर्न नसकेमा ।

(ख) आफ्नो पदको जिम्मेवारी बराबर बेवास्ता गरेमा ।

(ग) आचरणसम्बन्धी कुराको बराबर उल्लङ्घन गरेमा ।

(घ) कार्यालयको समयमा बराबर मादक पदार्थ सेवन गरेमा ।

(ङ) बराबर अनुशासनहीन काम गरेमा ।

(च) बिदा स्वीकृत नगराई लगातार नब्बे दिनसम्म आफ्नो कार्यालयमा अनुपस्थित रहेमा ।

(छ) राजनीतिमा भाग लिएमा ।

(२) देहायको कुनै अवस्थामा प्रज्ञा-प्रतिष्ठानको कलाकार वा कर्मचारीलाई भविष्यमा प्रज्ञा-प्रतिष्ठानको सेवाको निम्ति अयोग्य ठहर्ने गरी सेवाबाट बर्खास्त गर्न सकिनेछ :

(क) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरेमा ।

(ख) भ्रष्टाचार गरेमा ।

**९२. निलम्बनमा राखी कारबाही गर्ने**

(१) कुनै कलाकार वा कर्मचारीको सम्बन्धमा नियम ९३ मा लेखिएको अभियोगको जाँचबुझ गर्नुपरेमा जाँचबुझ समाप्त नहुन्जेलसम्म त्यस्तो कलाकार वा कर्मचारीलाई सजायको आदेश दिन पाउने अधिकारीले निलम्बन गर्न सक्नेछ ।

तर देहायको अवस्था नभई साधारणतया निलम्बन गरिनेछैन :

(क) निलम्बन नगरी ओहोदाको काम गर्न दिंदा झुट्टा सबुत प्रमाणको सङ्कलन गर्नसक्ने वा आफ्नो विरुद्धको सबुत प्रमाण गायब गर्न सक्ने सम्भावना देखिएमा, वा

(ख) निलम्बन नगरी ओहदाको काम गर्न दिंदा प्रज्ञा-प्रतिष्ठानको हानि-नोक्सानी हुने सम्भावना देखिएमा ।

(२) कुनै कलाकार वा कर्मचारीलाई निलम्बन गर्नुपरेमा सजायको आदेश दिन पाउने अधिकारीले सम्बन्धित कलाकार वा कर्मचारीलाई निलम्बन-पत्र दिनुपर्नेछ ।

(३) उपनियम (१) बमोजिम कुनै कलाकार वा कर्मचारीलाई निलम्बनमा राख्दा साधारणतया तीन महिनाभन्दा बढी राख्नु हुँदैन । सो अवधिभित्र कलाकार वा कर्मचारी उपरको कारबाही किनारा लगाउनुपर्नेछ । कुनै असाधारण

अवस्था परी उक्त अवधिभित्र किनारा लगाउन नसकिने भई निलम्बनको अवधि बढाउनुपरेमा प्राज्ञ-परिषद्को पूर्वस्वीकृति लिई एक महिनासम्म निलम्बनको अवधि बढाउन सकिनेछ ।

(४) नैतिक पतन देखिने फौजदारी अभियोगमा गिरफ्तार भई थुनिएको कलाकार वा कर्मचारी त्यसरी थुनिएको अवधिभर स्वत: निलम्बित भएको मानिनेछ ।

(५) निलम्बनमा रहेको कुनै कलाकार वा कर्मचारी आफ्नो पदमा पुन: स्थापित भएमा वा सेवाबाट हटाइएमा वा बर्खास्त गरिएमा निजको निलम्बन समाप्त भएको मानिनेछ ।

## ९३. सजायसम्बन्धी कार्यविधि

(१) सजाय दिन पाउने अधिकारीले कुनै कलाकार वा कर्मचारीलाई सजाय दिनुभन्दा अघि कारबाही गर्न लागिएको कारणको उल्लेख गरी सो कलाकार वा कर्मचारीलाई उचित म्याद दिई आफ्नो सफाइ पेस गर्ने मौका दिनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम सूचना दिँदा निजमाथि लगाइएको आरोप स्पष्ट रूपमा किटिएको हुनुपर्दछ र प्रत्येक आरोप कुन कुरा र कारणमा आधारित छ सो समेत खुलाएको हुनुपर्दछ । तोकिएको म्यादभित्र सफाइ पेस गर्नु सम्बन्धित कलाकार वा कर्मचारीको कर्तव्य हुनेछ ।

(३) आरोप लागेको कलाकार वा कर्मचारीको सफाइ प्राप्त भएपछि सजाय दिने अधिकारीले आवश्यक ठानेमा स्वयं वा कुनै अन्य अधिकृतद्वारा सो सम्बन्धमा जाँचबुझ गराउन सक्नेछ ।

## ९४. सजाय प्रस्ताव गर्ने

(१) नियम ९३ बमोजिम सफाइ पेस गर्न दिइएको म्यादभित्र सफाइ पेस नगरेमा वा पेस हुन आएको सफाइको जाँचबुझ गर्दा सन्तोषजनक नभएमा सजाय दिने अधिकारीले सजायको आदेश दिनुभन्दा पहिले त्यस्तो कलाकार वा कर्मचारीलाई जाँचबुझको नतिजा तथा निजलाई दिन लागिएको सजायको समेत उल्लेख गरी प्रस्तावित सजाय किन नदिने भनी त्यस सम्बन्धमा उचित म्याद दिई निजसँग स्पष्टीकरण माग्नेछ ।

(२) सजायको आदेश दिने अधिकारीले कुनै कलाकार वा कर्मचारीसँग उपनियम (१) बमोजिम स्पष्टीकरणको माग गर्दा त्यसअघि नियम ९३ बमोजिम पेस हुन आएको सफाइ सन्तोषजनक नभएमा त्यसको कारण समेत खुलाउनुपर्नेछ ।

## ९५. सेवा आयोगको परामर्श लिनुपर्ने

(१) कुनै कलाकार वा कर्मचारीले नियम ९३ बमोजिम दिएको सफाइ वा नियम ९४ बमोजिम दिएको स्पष्टिकरण सन्तोषजनक नभई त्यस्तो कलाकार वा कर्मचारीलाई सजाय गर्नुपर्ने देखिएमा सजायको आदेश दिने अधिकारीले सजायको आदेश दिनुभन्दा पहिले त्यस्तो कलाकार वा कर्मचारीलाई दिन लागिएको सजाय प्रस्ताव गरी सेवा आयोगको परामर्श लिनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम सेवा अयोगको परामर्शको निम्ति लेखी पठाउँदा तत्सम्बन्धमा प्रस्तुत भएका सफाइ, स्पष्टीकरण तथा सबुद प्रमाणसमेतको मूल्याङ्कन गरी सो आधारमा ठहर गर्न खोजिएको सजाय समेत प्रस्तावित गरी सम्बन्धित सबै सक्कल कागजसहितको फायल संलग्न राखी पठाउनुपर्नेछ ।

## ९६. सजाय दिने र पुनरावेदन सुन्ने अधिकारी

| दर्जा | नसिहत दिने, तलबवृद्धि वा बढुवा रोक्का गर्ने, जानाजानी लापरवाही गर्नाले वा नियम-आदेशको पालना नगर्नाले प्रज्ञा-प्रतिष्ठानलाई हुन आएको नोक्सानीको सम्पूर्ण वा आंशिक रूपमा तलब कट्टा गरी तल्लो स्केल वा त्यही स्केलको तल्लो स्केलमा घटुवा गर्ने सजाय दिने अधिकारी | सो उपर पुनरावेदन सुन्ने अधिकारी | भविष्यमा प्रज्ञा-प्रतिष्ठानको सेवाको निम्ति अयोग्य नठहर्ने गरी सेवाबाट हटाउन वा भविष्यमा प्रज्ञा-प्रतिष्ठानको सेवाको निम्ति अयोग्य ठहर्ने गरी सेवाबाट बर्खास्त गर्ने सजाय दिने अधिकारी | सो उपर पुनरावेदन सुन्ने अधिकारी |
|---|---|---|---|---|
| १) सहायक स्तर वा सोभन्दा मुनिका कालकार वा कर्मचारी | सम्बन्धित महाशाखा प्रमुख* | सचिव | सचिव | उपकुलपति |

* ३१ औं प्राज्ञ सभाबाट संशोधित

| | | | | |
|---|---|---|---|---|
| २) अधिकृत द्वितीय तथा तृतीय स्तरका कलाकार वा कर्मचारी | सचिव | उपकुलपति | कुलपति | प्राज्ञ-परिषद् |
| ३) प्रथम स्तर वा सोभन्दा माथिका कर्मचारी | सचिव | कुलपति | कुलपति | प्राज्ञ-परिषद् |

**९७. पुनरावेदन कार्यविधि**

(१) कुनै कलाकार वा कर्मचारीलाई यस नियमावली बमोजिम दिइएको सजायमा चित्त नबुझी सो सजायउपर पुनरावेदन दिनुपरेमा सो सजायउपर किन चित्त नबुझेको हो यथार्थ कारण खोली सफाइ पाउनुपर्ने भए सो समेत उल्लेख गरी सजायको सूचना पाएको वा आदेशको नक्कल सारेको मितिदेखि ३५ दिनभित्र पुनरावेदन सुन्ने अधिकारीको कार्यालयमा पुनरावेदन दर्ता गराउनुपर्नेछ ।

(२) पुनरावेदन गर्दा पुनरावेदन-पत्रसाथ जुन आदेशको विरुद्ध पुनरावेदन गरिएको हो सो आदेशको नक्कल समेत संलग्न गर्नुपर्नेछ ।

**९८. पुनरावेदनउपर विचार तथा निर्णय**

नियम ९७ बमोजिम पर्न आएको पुनरावेदनमा पुनरावेदन सुन्ने अधिकारीले जो बुझ्नुपर्ने बुझी विचार गरी पुनरावेदन दर्ता भएको मितिले साधारणतया ३५ दिनभित्र पुनरावेदकलाई दिइएको सजाय सदर वा बदर गर्ने वा त्यस्तो सजायलाई घटाउने अन्तिम आदेश दिन सक्नेछ ।

**९९. सेवामा पुनः कायम भएमा तलब-भत्ता पाउने**

(१) कुनै कलाकार वा कर्मचारीलाई प्रज्ञा-प्रतिष्ठानको सेवाबाट हटाउने वा बर्खास्त गर्ने आदेश बदर भई निज पुनः सेवामा कायम भएमा निजालाई सेवाबाट हटाइएको वा बर्खास्त गरिएको मितिदेखि पुनः सेवामा कायम भएको मितिसम्मको पूरा तलब-भत्ता र नियमानुसार पाउने तलबवृद्धि समेत दिइनेछ ।

(२) प्रज्ञा-प्रतिष्ठानको सेवाबाट हटाइएका वा बर्खास्त गरिएका कलाकार वा कर्मचारी पुनरावेदन सुन्ने अधिकारीको आदेशबाट पुनः सेवामा बहाल भएमा निजले सोको सूचना पाएको मितिले ३५ दिनभित्र सम्बन्धित निकाय वा विभागमा हाजिर हुन जानुपर्नेछ ।

(३) उपनियम (२) को म्यादभित्र हाजिर हुन नआउने कलाकार वा कर्मचारीलाई पुनः सेवामा बहाल गर्न प्रज्ञा-प्रतिष्ठानलाई कर लाग्नेछैन ।

*परिच्छेद १४*

## विविध

**१००. बुझबुझारथ गर्नुपर्ने**

(१) कुनै कलाकार वा कर्मचारीले प्रज्ञा-प्रतिष्ठानको सेवा छाड्दा अख्तियारवालाले तोकेको कलाकार वा कर्मचारीलाई आफूले बुझाउनुपर्ने जिन्सी, नगदी वा कागजपत्र जे-जति आफ्नो जिम्मामा छ सो सबै सेवा छाडेको एक महिनाभित्र बुझबुझारथ गरिसक्नुपर्नेछ । एक महिनाभन्दा बढी समय लाग्ने भएमा सचिवको स्वीकृति लिनुपर्नेछ ।

(२) नयाँ नियुक्ति वा बहाली लिने कलाकार वा कर्मचारीले आफु बहाल गर्न चाहेको दिनको सूचना साबिकवालालाई सकेसम्म चाँडो दिनुपर्नेछ ।

(३) नियुक्ति, सरुवा वा अवकाश भएपछि साबिकवाला र हाल बहालवाला कलाकार वा कर्मचारी बुझबुझारथ नगरी बसेमा नियम ८९ को खण्ड (क) बमोजिम सजायको भागी बन्नेछ । त्यस अवधिमा कुनै नोक्सानी, हिनामिना आदिमा औचित्य हेरी एक वा दुवै कलाकार वा कर्मचारी सजायको भागी हुनेछ ।

(४) प्रज्ञा-प्रतिष्ठानको एक सङ्ठन वा निकाय वा विभागबाट अर्को सङ्गठन वा निकाय वा विभागमा सरुवा हुने कलाकार वा कर्मचारीले पनि यस नियम बमोजिम बुझबुझारथ गनुपर्नेछ ।

(५) कुनै पनि कलाकार वा कर्मचारीले बुझबुझारथ गर्दा आफ्नो नातेदार र पत्यारका मानिस खडा गरी बुझ्ने वा बुझाउने बन्दोबस्त गर्न सक्नेछ ।

(६) सेवानिवृत्त कुनै कलाकार वा कर्मचारीले बुझबुझारथ गर्नुपर्ने नगदी, जिन्सी वा कागजपत्र यस नियमअनुसार नबुझाएमा त्यसरी नबुझाएको अवधिसम्मको लागि निजले पाउने उपदान वा निवृत्तिभरण रोक्का गर्न सकिनेछ ।

**१०१. कार्यसम्पादन मूल्याङ्कन फारामसम्बन्धी व्यवस्था**

(१) हरेक वर्षको साउन महिनाको पन्ध्र गतेभित्र अधिकृत र सहायक स्तरका कलाकार एवं कर्मचारीहरूले कार्यसम्पादन मूल्याङ्कन फारम कामको विवरण समेत खोली गोप्य रूपमा प्रशासन महाशाखामा बुझाउनु पर्ने छ ।*

(२) यसरी सम्बन्धित कर्मचारीबाट प्राप्त कार्यसम्पादन मूल्याङ्कन फाराम सुपरिवेक्षकले साउन मसान्तभित्र, पुनरावलोकनकर्ताले भाद्र १५ गतेभित्र र पुनरावलोकन समितिले भाद्र मसान्तभित्र भरी भराई प्रशासन शाखाले लाहाछाप लगाई सिलबन्दी गरी पुनरावलोकन समितिका सदस्यहरुको हस्ताक्षर सहित नेपाल प्रज्ञा-प्रतिष्ठान सेवा आयोगमा पठाउने छ र गोप्य रुपमा राखिने छ ।*

**१०२. सेवासम्बन्धी विवरण अद्यावधिक राख्नुपर्ने**

प्रज्ञा-प्रतिष्ठानको सचिवले अनुसूची ३ बमोजिमको ढाँचामा कलाकार एवं कर्मचारीको नोकरीको विवरण भराई प्रशासन शाखामा सुरक्षापूर्वक राख्न लगाउनुपर्नेछ ।

**१०३. कार्यालय समय र बिदा**

प्रज्ञा-प्रतिष्ठानको कार्यालय समय र सार्वजनिक बिदा तथा कलाकारहरूको कार्यसमय प्राज्ञ-परिषद्ले निर्धारण गरेबमोजिम हुनेछ ।

**१०४. सेवाबाट बर्खास्त हुनेहरूको अभिलेख राख्ने**

भविष्यमा प्रज्ञा-प्रतिष्ठानको सेवाको निम्ति अयोग्य ठहर्ने गरी सेवाबाट बर्खास्त भएका कलाकार एवं कर्मचारीको विवरण सचिवले राख्न लगाउनु पर्नेछ ।

**१०५. सेवापदक तथा नगद पुरस्कार**

प्रज्ञा-प्रतिष्ठानको स्थायी सेवामा अविच्छिन्न पन्ध्र वर्षसम्म रही काम गर्ने कलाकार तथा कर्मचारीलाई प्राज्ञ-परिषद्ले तोके बमोजिम नगद पुरस्कार सहित सेवापदक एवं पच्चीस वर्षसम्म रही काम गर्ने कलाकार तथा कर्मचारीलाई नगद पुरस्कार सहित नेपाल प्रज्ञा-प्रतिष्ठान दीर्घ सेवा पदक प्रदान गरिने छ ।*

**१०६. कलाकार तथा कर्मचारी सहायता कोष**

प्रज्ञा-प्रतिष्ठानका कलाकार तथा कर्मचारीहरुको हित एवं सहायताको लागि एउटा कलाकार तथा कर्मचारी सहायता कोषको स्थापना गरिनेछ । यस कोषको सञ्चालनको कार्यविधि प्राज्ञ परिषद्ले तोके बमोजिम हुनेछ ।

**१०७. असल नियतले गरेको बचाउ**

ऐन र नियमावली बमोजिम असल नियत लिई गरेको वा गर्न खोजेको कुनै कामको सम्बन्धमा प्रज्ञाप्रतिष्ठानको कुनै कलाकार वा कर्मचारीउपर मुद्दा चलाउने वा अन्य कुनै कानुनी कारबाही गरिने छैन ।

**१०८. कार्यप्रणाली वा व्यवस्थापन प्रणाली**

यस नियमावलीको उद्देश्यपूर्तिका लागि प्राज्ञ परिषद्ले आवश्यकता अनुसार कर्मचारीहरुको कार्यालय समय, सत्र (सिफ्ट) व्यवस्था, अतिरिक्त समय, कार्य तोक्ने आदि विषयमा कार्यालय सञ्चालन कार्यविधि बनाई लागु गर्ने छ ।*

**१०९. बाधा अड्काउ फुकाउने अधिकार**

यस नियमावलीको कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ आइपरेमा त्यस्तो बाधा अड्काउ फुकाउने अधिकार प्राज्ञ परिषद्लाई हुनेछ ।

**११०.** यस नियमावली अनुसार कार्यान्वयन गर्दा कुनै विषयमा अप्ठ्यारो पर्न गएमा प्राज्ञ परिषद्ले विशेष निर्णय गरी कार्यान्वयन गर्न सक्नेछ ।

---

* ३१ औं प्राज्ञ सभाबाट संशोधित

**अनुसूची -१***
**(नियम १२ सँग सम्बन्धित)**
**सपथ-ग्रहणको नमुना**

म................................................... ईश्वरका/नेपाली जनताका नाममा शपथ लिन्छु- नेपाल प्रज्ञा-प्रतिष्ठानको कलकार/कर्मचारीको हैसियतले मलाई तोकिएको काम मेरा ज्ञान र विवेकले जाने-बुझेसम्म ईमान-धर्म सम्झी राष्ट्र र प्रज्ञा-प्रतिष्ठानप्रति बफादार रही, भय, पक्षपात वा द्वेष नराखी, लोभ, लालच र मोलाहिजा नगरी इमानदारीसाथ गर्नेछु र मलाई ज्ञात हुन आएको नेपाल प्रज्ञा-प्रतिष्ठानको कारोबारसम्बन्धी कुनै गोप्य कुरा अधिकृत व्यक्तिलाई बाहेक अरू कसैलाई म नोकरीमा बहाल रहे वा नरहेको जुनसुकै अवस्थामा पनि प्रत्यक्ष वा अप्रत्यक्ष रूपले भन्ने वा सङ्केत गर्ने छैन ।

* ३१ औं प्राज्ञ सभाबाट संशोधित

## अनुसूची -२*

## (नियम २९ र १०१ सँग सम्बन्धित)

## कार्य-सम्पादनसम्बन्धी मूल्याङ्कन-फारम

## फाराम निर्देशिका

१. कर्मचारी वा कलाकारले कार्य सम्पादन मूल्याङ्कन फारामको आफूले भर्नु पर्ने अंश भरी हरेक वर्षको साउन १५ गतेभित्र प्रशासन महाशाखामा दर्ता गराउने छन् र प्रशासन महाशाखाबाट प्राप्त सो फाराम सुपरिवेक्षणकर्ताले साउन मसान्तभित्र भरी पुनरावलोकनकर्ता समक्ष पुऱ्याउने छन् । पुनरावलोकनकर्ताले भाद्र १५ गतेभित्र आफ्नो मूल्याकङ्कन सहित पुनरावलोकन समितिका अध्यक्ष समक्ष सो फाराम प्रस्तुत गरेपछि पुनरावलोकन समितिले भाद्र मसान्तभित्र समितिबाट मूल्याङ्कनलाई अन्तिम रूप दिई लाहाछापबाट सिलबन्दी गरी समितिका अध्यक्ष र सदस्यहरुको हस्ताक्षर गरेको गोप्य खाम प्रशासन महाशाखामा प्राप्त भएपछि नेपाल प्रज्ञा-प्रतिष्ठान सेवा आयोगको कार्यालयमा सुरक्षित राखिने छ ।*

२. पुनरावलोकन समितिले सुपरिवेक्षणकर्ता र पुनरावलोकनकर्ताले गरेको मूल्याङ्कनमा चित्त नबुझेमा सुपरिवेक्षणकर्ता वा पुनरावलोकनकर्तासँग आधार सहित पुस्ट्याइँको माग गर्न वा पुनर्मूल्याङ्कनका लागि पुनर्विचार गर्न पठाउन सक्ने छ र यसरी पठाएको कार्य सम्पादन मूल्याङ्कन फाराममा सुपरिवेक्षणकर्ता वा पुनरावलोकनकर्ताले आफूकहाँ प्राप्त भएको मितिले ३ दिनभित्र पुनः मूल्याङ्कन गरी वा पहिले गरेको मूल्याङ्कनमा संशोधित गर्न आवश्यक नभए सोको औचित्यपूर्ण कारण खुलाई पुनरावलोकन समिति समक्ष पेस गर्नुपर्ने छ । पुनरावलोकन समितिले औचित्यपूर्ण कारण प्राप्त नभएमा त्यस्ता सुपरिवेक्षणकर्ता र पुनरावलोकनकर्ताको अभिलेख राखी निजहरुको कार्य सम्पादन मूल्याङ्कनमा पुनर्विचार गर्न सम्बन्धित निकायमा लेखी पठाउने छ ।*

३. एउटा अवधिभित्र एकभन्दा बढी शाखामा रही काम गरेको कर्मचारीको हकमा यो फाराम भर्नुपर्दा सो अवधिको अन्तमा जो सुपरिवेक्षणकर्ता हुन्छ उसैले पूरा अवधिको फाराम भर्नु पर्ने छ ।*

४. बिदा स्वीकृत नगराई वा बिदाको आवेदन नदिई लगातार ३० दिनभन्दा बढी अनुपस्थित भएको कर्मचारी वा कलाकारलाई अत्युत्तम स्तरको अङ्क नदिई बढीमा उत्तम स्तरको अङ्क दिइने छ ।*

५. नसिहत पाएको, ग्रेड रोक्का वा बढुवा रोक्काको सजाय पाएको कर्मचारी वा कलाकारलाई सो सजाय पाएको वर्षमा अत्युत्तम स्तरको अङ्क नदिई बढीमा उत्तम स्तरको अङ्क दिइने छ ।*

६. कुनै कलाकार वा कर्मचारीले आफूले लिएको पेस्की रकम काबु बाहिरको परिस्थिति परेको भनी प्रमाण पेस गरेको अवस्थाबाहेक अरू अवस्थामा नेपाल प्रज्ञा-प्रतिष्ठान आर्थिक प्रशासन सम्बन्धी नियमावली अनुसार फर्छ्यौट नगरेको स्थितिमा अत्युत्तम स्तरको अङ्क नदिई बढीमा उत्तम स्तरको अङ्क दिइने छ ।*

७. कुनै कर्मचारी वा कलाकारले सरुवा भएको अवस्थामा समयमा बरबुझारथ नगरेमा अत्युत्तम स्तरको अङ्क नदिई बढीमा उत्तम स्तरको अङ्क दिइने छ ।*

८. कुनै कर्मचारी वा कलाकारलाई ९५ प्रतिशतभन्दा बढी र ७५ प्रतिशतभन्दा कम अङ्क दिइएको स्थितिमा सोको कारण खुलाउनु पर्दछ ।*

९. सुपरिवेक्षणकर्ता वा पुनरावलोकनकर्ताले कुनै कर्मचारी वा कलाकारलाई ७५ प्रतिशतभन्दा कम अङ्क दिइएकोमा सोको जानकारी सम्बन्धित कर्मचारीलाई गराई निजले प्रतिक्रिया दिएमा सो समेत राखी पुनरावलोकन समिति समक्ष पेस गर्नुपर्ने छ । कार्य सम्पादन मूल्याङ्कनमा पुनरावलोकन समितिलाई चित्त नबुझेमा सोको स्पष्ट कारण समेत खुलाई समितिले फिर्ता पठाउन सक्ने छ । त्यसरी फिर्ता पठाएकोमा सम्बन्धित मूल्याङ्कनकर्ताले पुनः मूल्याङ्कन गरी वा पहिले गरेको मूल्याङ्कनमा संशोधित गर्न आवश्यक नभए सोको औचित्यपूर्ण कारण खुलाई पठाउनु पर्नेछ ।*

१०. तोकिएको अवधिभित्र कार्यसम्पादन मूल्याङ्कन फाराम नभर्ने कर्मचारी वा कलाकारलाई अत्युत्तम स्तरको अङ्क नदिई बढीमा उत्तम स्तरको अङ्क दिइने छ ।*

११. लगबुक भर्नुपर्ने कर्मचारीहरुले आफूले वार्षिक रूपमा गरेको कार्य विवरणको लगबुक सुपरिवेक्षणकर्ता समक्ष प्रस्तुत गर्नु पर्ने छ ।*

---

* ३१ औं प्राज्ञ सभाबाट संशोधित

## अनुसूची २*

नियम २९ र १०१ सँग सम्बन्धित

# कार्य सम्पादन सम्बन्धी मूल्याङ्कन फाराम

## प्रथम श्रेणीका अधिकृत कर्मचारीहरूका लागि

कर्मचारीको नाम : पद : श्रेणी :

हालको पदमा नियुक्ति मिति : कार्यरत शाखा :

मूल्याङ्कन अवधि : ........ ........ ........ ........ देखि ......... ........ ........ ........ सम्म

| क्र.सं. | मूल्याङ्कनका आधारहरू | सुपरिवेक्षणकर्ताको मूल्याङ्कन | | | | पुनरावलोकनकर्ताको मूल्याङ्कन | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | अतिउत्तम ५ | उत्तम ४ | सामान्य २ | निम्न १ | अतिउत्तम २ | उत्तम १.५ | सामान्य १ | निम्न ०.५ | |
| १ | नीति विश्लेषणा गर्ने क्षमता | | | | | | | | | |
| २ | छलफल तथा वार्ता गर्ने क्षमता | | | | | | | | | |
| ३ | कार्यचाप वहन गर्न सक्ने क्षमता | | | | | | | | | |
| ४ | विवेकको प्रयोग, निर्णय गर्ने क्षमता र मूल्याङ्कन | | | | | | | | | |
| ५ | पेसागत संवेदनशीलता (इमानदारी र गोपनीयता) | | | | | | | | | |

पूर्णाङ्क : २५

प्राप्ताङ्क (अङ्कमा) :

प्राप्ताङ्क (अक्षरमा) :

सुपरिवेक्षणकर्ताको दस्तखत :

सुपरिवेक्षणकर्ताको पद :

मिति :

पूर्णाङ्क : १०

प्राप्ताङ्क (अङ्कमा) :

प्राप्ताङ्क (अक्षरमा) :

पुनरावलोकनकर्ताको दस्तखत :

पुनरावलोकनकर्ताको पद :

मिति :

| **द्रष्टव्य : ९५ प्रतिशतभन्दा बढी र ७५ प्रतिशतभन्दा कम अङ्क प्रदान गरेको भए त्यसको कारण :** |
|---|
| १. |

पूनरावलोकन समिति (पूर्णाङ्क ५) पुनरावलोकन समितिबाट प्राप्ताङ्क

| क्र.सं. | नाम | पद | स्तर | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री | कुलपति | अध्यक्ष | |
| २ | श्री | उपकुलपति | सदस्य | |
| ३ | श्री | सचिव | सदस्य | |

**अङ्कमा :**

**अक्षरमा :**

**मिति :**

**कुल पूर्णाङ्क :**

**कुल प्राप्ताङ्क :**

* ३१ औं प्राज्ञ सभाबाट संशोधित

## अनुसूची २*

नियम २९ र १०१ सँग सम्बन्धित

# कार्य सम्पादन सम्बन्धी मूल्याङ्कन फाराम

## द्वितीय र तृतीय श्रेणीका अधिकृत कर्मचारीहरूका लागि

कर्मचारीको नाम : पद : श्रेणी :

हालको पदमा नियुक्ति मिति : कार्यरत शाखा :

मूल्याङ्कनको अवधि : ........ ........ ........ ........ देखि ......... ........ ........ ........ सम्म

| क्र.सं. | मूल्याङ्कनका आधारहरू | सुपरिवेक्षणकर्ताको मूल्याङ्कन | | | | पुनरावलोकनकर्ताको मूल्याङ्कन | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | अतिउत्तम ५ | उत्तम ४ | सामान्य २ | निम्न १ | अतिउत्तम २ | उत्तम १.५ | सामान्य १ | निम्न ०.५ | |
| १ | विषयवस्तुको ज्ञान र सिप | | | | | | | | | |
| २ | विवेकको प्रयोग र निर्णय गर्ने क्षमता | | | | | | | | | |
| ३ | कार्यचाप वहन गर्न सक्ने क्षमता | | | | | | | | | |
| ४ | सिर्जनशीलता र अग्रसरता | | | | | | | | | |
| ५ | पेसागत संवेदनशीलता (गोपनीयता र मर्यादित रहने) | | | | | | | | | |

पूर्णाङ्क : २५

प्राप्ताङ्क (अङ्कमा) :

प्राप्ताङ्क (अक्षरमा) :

सुपरिवेक्षणकर्ताको दस्तखत :

सुपरिवेक्षणकर्ताको पद :

मिति :

पूर्णाङ्क : १०

प्राप्ताङ्क (अङ्कमा) :

प्राप्ताङ्क (अक्षरमा) :

पुनरावलोकनकर्ताको दस्तखत :

पुनरावलोकनकर्ताको पद :

मिति :

**द्रष्टव्य : ९५ प्रतिशतभन्दा बढी र ७५ प्रतिशतभन्दा कम अङ्क प्रदान गरेको भए त्यसको कारण :**

१.

पूनरावलोकन समिति (पूर्णाङ्क ५)

| क्र.सं. | नाम | पद | स्तर | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री | उपकुलपति | अध्यक्ष | |
| २ | श्री | सचिव | सदस्य | |
| ३ | श्री | प्रशासन प्रमुख | सदस्य | |
| ४ | श्री | महाशाखा प्रमुख | सदस्य | |

पुनरावलोकन समितिबाट प्राप्ताङ्क

**अङ्कमा :**

**अक्षरमा :**

**मिति :**

**कुल पूर्णाङ्क :**

**कुल प्राप्ताङ्क :**

* ३१ औं प्राज्ञ सभाबाट संशोधित

## अनुसूची २*

नियम २९ र १०१ सँग सम्बन्धित

# कार्य सम्पादन सम्बन्धी मूल्याङ्कन फाराम

## सहायक स्तरका कर्मचारीहरूका लागि

कर्मचारीको नाम : पद : श्रेणी :

हालको पदमा नियुक्ति मिति : कार्यरत शाखा :

मूल्याङ्कनको अवधि : ........ ........ ........ ........ देखि ......... ........ ........ ........ सम्म

| **क्र.सं.** | **मूल्याङ्कनका आधारहरू** | **सुपरिवेक्षणकर्ताको मूल्याङ्कन** | | | | **पुनरावलोकनकर्ताको मूल्याङ्कन** | | | | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | **अतिउत्तम ५** | **उत्तम ४** | **सामान्य २** | **निम्न १** | **अतिउत्तम २** | **उत्तम १.५** | **सामान्य १** | **निम्न ०.५** | |
| **१** | **विषयवस्तुको ज्ञान र सिप** | | | | | | | | | |
| **२** | **गोपनीयता राख्न सक्ने क्षमता** | | | | | | | | | |
| **३** | **निर्देशन अनुसार काम गर्ने क्षमता** | | | | | | | | | |
| **४** | **उपस्थिति, समयपालन र अनुशासन** | | | | | | | | | |
| **५** | **इमानदारी र नैतिकता** | | | | | | | | | |

पूर्णाङ्क : २५

प्राप्ताङ्क (अङ्कमा) :

प्राप्ताङ्क (अक्षरमा) :

सुपरिवेक्षणकर्ताको दस्तखत :

सुपरिवेक्षणकर्ताको पद :

मिति :

पूर्णाङ्क : १०

प्राप्ताङ्क (अङ्कमा) :

प्राप्ताङ्क (अक्षरमा) :

पुनरावलोकनकर्ताको दस्तखत :

पुनरावलोकनकर्ताको पद :

मिति :

| **द्रष्टव्य : ९५ प्रतिशतभन्दा बढी र ७५ प्रतिशतभन्दा कम अङ्क प्रदान गरेको भए त्यसको कारण :** |
|---|
| १. |

पूनरावलोकन समिति (पूर्णाङ्क ५) पुनरावलोकन समितिबाट प्राप्ताङ्क

| **क्र.सं.** | **नाम** | **पद** | **स्तर** | **दस्तखत** |
|---|---|---|---|---|
| १ | **श्री** | **सचिव** | **अध्यक्ष** | |
| २ | **श्री** | **महाशाखा प्रमुख** | **सदस्य** | |
| ३ | **श्री** | **शाखा प्रमुख** | **सदस्य** | |

**अङ्कमा :**

**अक्षरमा :**

**मिति :**

**कुल पूर्णाङ्क :**

**कुल प्राप्ताङ्क :**

* ३१ औं प्राज्ञ सभाबाट संशोधित

## अनुसूची २*

नियम २९ र १०१ सँग सम्बन्धित

# कार्य सम्पादन सम्बन्धी मूल्याङ्कन फाराम

## श्रेणीविहीन कर्मचारीहरूका लागि

कर्मचारीको नाम : पद : श्रेणी :

हालको पदमा नियुक्ति मिति : कार्यरत शाखा :

मूल्याङ्कन अवधि : ........ ........ ........ ........ देखि ......... ........ ........ ........ सम्म

| क्र.सं. | मूल्याङ्कनका आधारहरू | सुपरिवेक्षणकर्ताको मूल्याङ्कन | | | | पुनरावलोकनकर्ताको मूल्याङ्कन | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | अतिउत्तम ५ | उत्तम ४ | सामान्य २ | निम्न १ | अतिउत्तम २ | उत्तम १.५ | सामान्य १ | निम्न ०.५ | |
| १ | काम सम्बन्धी ज्ञान र सिप | | | | | | | | | |
| २ | निर्देशनानुसार काम गर्ने क्षमता | | | | | | | | | |
| ३ | काममा रूचि र उत्साह | | | | | | | | | |
| ४ | आज्ञापालन र अनुशासन | | | | | | | | | |
| ५ | सजगता र शीघ्रता | | | | | | | | | |

पूर्णाङ्क : २५
प्राप्ताङ्क (अङ्कमा) :
प्राप्ताङ्क (अक्षरमा) :
सुपरिवेक्षणकर्ताको दस्तखत :
सुपरिवेक्षणकर्ताको पद :
मिति :

पूर्णाङ्क : १०
प्राप्ताङ्क (अङ्कमा) :
प्राप्ताङ्क (अक्षरमा) :
पुनरावलोकनकर्ताको दस्तखत :
पुनरावलोकनकर्ताको पद :
मिति :

| **द्रष्टव्य : ९५ प्रतिशतभन्दा बढी र ७५ प्रतिशतभन्दा कम अङ्क प्रदान गरेको भए त्यसको कारण :** |
|---|
| १. |

पूनरावलोकन समिति (पूर्णाङ्क ५) पुनरावलोकन समितिबाट प्राप्ताङ्क

| क्र.सं. | नाम | पद | स्तर | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री | सचिव | अध्यक्ष | |
| २ | श्री | महाशाखा प्रमुख | सदस्य | |
| ३ | श्री | शाखा प्रमुख | सदस्य | |

**अङ्कमा :**

**अक्षरमा :**

**मिति :**

**कुल पूर्णाङ्क :**

**कुल प्राप्ताङ्क :**

* ३१ औं प्राज्ञ सभाबाट संशोधित

## अनुसूची २*

नियम २९ र १०१ सँग सम्बन्धित

# कार्य सम्पादन सम्बन्धी मूल्याङ्कन फाराम

## अधिकृत स्तरका कर्मचारीहरूका लागि

विवरण पेस गरेको शाखा : मिति :

दर्ता नं. : पद र श्रेणी :

कर्मचारीको नाम : कार्यरत शाखा :

हालको पदमा नियुक्ति मिति :

मूल्याङ्कनको अवधि : .................. ................. देखि .................... ................... ....... सम्म

| क्र.सं. | यस अवधिमा गरेका कामको विवरण | सुपरिवेक्षणकर्ताको टिप्पणी |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |
| ४ | | |
| ५ | | |
| ६ | | |
| ७ | | |
| ८ | | |

**मैले यस आ.व. मा गरेका मुख्य मुख्य कामहरुको लगबुक यसैसाथ प्रस्तुत गरेको छु।**

कर्मचारीको दस्तखत :
मिति :

सुपरिवेक्षणकर्ताको दस्तखत :
सुपरिवेक्षणकर्ताको नाम :
सुपरिवेक्षणकर्ताको पद :
मिति :

* ३१ औं प्राज्ञ सभाबाट संशोधित

## अनुसूची २*

नियम २९ र १०१ सँग सम्बन्धित

**सहायक स्तरका कर्मचारीहरूका लागि**

विवरण पेस गरेको शाखा : मिति :

दर्ता नं. : पद र श्रेणी :

कर्मचारीको नाम : कार्यरत शाखा :

हालको पदमा नियुक्ति मिति :

मूल्याङ्कनको अवधि : .................. ................. देखि .................... ................... ....... सम्म

| क्र.सं. | यस अवधिमा गरेका कामको विवरण | सुपरिवेक्षणकर्ताको टिप्पणी |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |
| ४ | | |
| ५ | | |
| ६ | | |
| ७ | | |
| ८ | | |

**मैले यस आ.व. मा गरेका मुख्य मुख्य कामहरुको लगबुक यसैसाथ प्रस्तुत गरेको छु ।**

कर्मचारीको दस्तखत :
मिति :

सुपरिवेक्षणकर्ताको दस्तखत :
सुपरिवेक्षणकर्ताको नाम :
सुपरिवेक्षणकर्ताको पद :
मिति

* ३१ औं प्राज्ञ सभाबाट संशोधित

## अनुसूची २*

नियम २९ र १०१ सँग सम्बन्धित

# कार्य सम्पादन सम्बन्धी मूल्याङ्कन फाराम

### श्रेणीविहिन कर्मचारीहरूका लागि

विवरण पेस गरेको शाखा : मिति :

दर्ता नं. : पद र श्रेणी :

कर्मचारीको नाम : कार्यरत शाखा :

हालको पदमा नियुक्ति मिति :

मूल्याङ्कनको अवधि : .................. ................. देखि ..................... .................... ....... सम्म

| **क्र.सं.** | **यस अवधिमा गरेका कामको विवरण** | **सुपरिवेक्षणकर्ताको टिप्पणी** |
|---|---|---|
| **१** | | |
| **२** | | |
| **३** | | |
| **४** | | |
| **५** | | |
| **६** | | |
| **७** | | |
| **८** | | |

**मैले यस आ.व. मा गरेका मुख्य मुख्य कामहरुको लगबुक यसैसाथ प्रस्तुत गरेको छु।**

कर्मचारीको दस्तखत :

मिति :

सुपरिवेक्षणकर्ताको दस्तखत :

सुपरिवेक्षणकर्ताको नाम :

सुपरिवेक्षणकर्ताको पद :

मिति :

* ३१ औं प्राज्ञ सभाबाट संशोधित

**अनुसूची -३**
**(नियम १०२ सँग सम्बन्धित)**
**नोकरी विवरण फाराम**

**फाराम भर्ने निर्देशिका**

१) प्रत्येक कलाकार तथा कर्मचारीको नोकरी-विवरण प्रज्ञा-प्रतिष्ठानमा रहनुपर्दछ ।

२) सेवा सुरु प्रवेश गर्ने कलाकार वा कर्मचारीले खण्ड (क) भरी पेस गर्नुपर्दछ । प्रवेश गरिसकेकाहरूले खण्ड (क) र (ख) दुवै भरी पेस गर्नुपर्दछ ।

३) फारम भरी पेस गरिसकेपछि भएको परिवर्तन वा थप-घटको सूचना सम्बन्धित कलाकार वा कर्मचारीले प्रज्ञा-प्रतिष्ठानमा दिनुपर्दछ र त्यसको आधारमा सम्बन्धित अधिकृतले आवश्यक विवरण भरी कैफियत महलमा दस्तखत गर्नुपर्नेछ ।

४) बिदाको विवरण हाजिरी रेकर्डको जिम्मा लिने अधिकृतले प्रमाणित गरी दिनुपर्दछ ।

**व्यक्तिगत-विवरण**
**नोकरी-विवरण-फाराम**
**(खण्ड क)**

नाम,थर ......................

ठेगाना .....................................  विवाहित भए पति/पत्नीको नाम ...................................

हुलिया....................................  बाबुको नाम..............................................................

जन्ममिति .................................  बाजेको नाम ..........................................................

नागरिकता ................................  इच्छाइएको व्यक्तिको नामथर .....................................

मर्दाना/जनाना ............................  ठेगाना ..................................................................

अन्य कुनै कार्यालयमा नोकरी गरेको भए सो नोकरीको विवरण

| कार्यालयको नाम | दर्जा | मिति | | | | तलबभत्ता | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | नियुक्ति | सरुवा | बढुवा | छाडेको | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

शैक्षिक योग्यता

| सटिफिकेट वा उपाधि | अध्ययनका विषय | अध्ययनको अवधि | | श्रेणी | शिक्षणसंस्थाको नाम र ठेगाना | कैफियत |
|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

माथि भरिएको बेहोरा ठीक साँचो हो । प्रज्ञा-प्रतिष्ठानको सेवाको निम्ति अयोग्य हुने गरी मलाई कुनै बातकसुर लागेको छैन । कुनै कुरा झुटो लेखिएको वा जानाजानी साँचो दबाउने उद्देश्यले लेखिएको ठहरे कानुनबमोजिम सजाय स्वीकार गर्नेछु भनी सही छाप गर्ने । ....................

दायाँ बूढी औंलाको छाप ................................ मिति.......................

बाँया बूढी औंलाको छाप.................................

माथि लेखिएको बेहोरा ठीक छ भनी प्रमाणित गर्ने नेपाल सरकारको राजपत्राङ्कित अधिकृत वा प्रज्ञा-प्रतिष्ठानका अधिकृतको सही ....................

कार्यालय ........................ मिति.................................

हालको नोकरी विवरण

| आदेशको | | नियुक्ति, सरुवा, बढुवा, का.मु. काज र विभागीय सजाय आदि | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| प.स. | मिति | प्रकार | पद र श्रेणी | तलब-भत्ता | शाखा | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

तालिमको विवरण

| तालिमको नाम | तालिमको प्रकार | अवधि | | तालिम लिइएका मुख्य विषयहरू | श्रेणी | तालिम दिने संस्थाको नाम र ठेगाना | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

विशेष निपुणता

| विषेश दखल भएको | | नेपाली भाषा शुद्ध र राम्रो लेख्ने क्षमताको सफारिस | अनुसन्धान, प्रकाशन र सर्वेक्षण | | | कैफियत |
|---|---|---|---|---|---|---|
| विषय | सिफारिश | | विषय | प्रकाशन | मूल्याङ्कन-समितिको सिफारिस | |
| | मिति | | | | मिति | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

विभूषण

| विभूषणको नाम | प्राप्ति मिति | विभूषण पाएको विवरण (कारण) | सहुलियत | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

प्रमाणित गर्ने

सदस्य-सचिव, प्राज्ञ-सभा